बालबालिकालाई निमोनियाबाट जोगाऔं
निमोनियाबाट बालबालिकालाई बचाउन,
-नियमितरूपमा लगाइने खोपहरू लगाऔं ।
-आमाको दूधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।
-धूलो, धूवाँ, चीसो तथा प्रदूषणबाट बचाऔं ।
-सरसफाइमा उचित ध्यान दिऔं ।
-सङ्क्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर १७ गते सोमवार // मृत भस्म नबन्दैमा फिल्को भैकन बल्नुछ // 2024 December 02 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९४

## सडक सञ्जाल विस्तारले पराल बिक्री गर्न सहज

धर्मेन्द्र चौरसिया, पोखरिया, १६ मङ्सिर/

बर्सेनि सडकको विकास भएसँगै धानको परालका लागि व्यापारीहरू



अहिले खेतमैं पुगेर खरीद गर्दा पर्सेली किसानहरू हर्षित भएका छन् ।

हुलाकी सडक अन्तर्गत पोखरिया-लड्डी-भिस्वा सडकखण्ड, वीरगंज-ठोरी सडकखण्ड, जनता सडक, थरुहट सडकखण्ड निर्माण भएसँगै यस क्षेत्रका किसानहरूको खेतमा व्यापारीहरू ट्रक, जीप लिएर जाने र खेत, खलिहानबाटै किसानको पराल खरीद गर्ने गरेका छन् । सडक विस्तार नभएको बखत ग्रामीण क्षेत्रका किसानहरूले धानको पराल, गहुँको छवाली, रबीबालीका भुस त्यत्तिकै जलाएर नष्ट गर्ने गरेका थिए । तर अहिले यी सबै पदार्थ बिक्री हुन थालेका छन् ।

पोखरिया नगरपालिका-४ का किसान हरेन्द्र चौहानले व्यापारीहरूले खेतबाट पराल खरीद गरी लैजाने गरेको बताए । उनले वस्तुभाव भएका किसानहरूले आहाराका लागि राख्ने र बढी भएको परालालाई खेतमैं जलाएर नष्ट गर्दै आएकामा अहिले व्यापारीहरूलाई बिक्री गरिरहेको बताए । उनले व्यापारीहरूले प्रतिकट्ठा रु दुई सयका दरले धानको पराल खरीद गर्ने गरेको बताए ।

धानको पराल बेचेर खासै आम्दानी नभए पनि गहुँबालीको लागि खेत जोताइ र रासायनिक मलको खर्च टार्न सहयोग पुगेको सोही ठाउँका धनित मियाँ बताउँछन् । उनले व्यापारीहरूले नै ज्यामी लगाएर पराल ओसार्ने गरेकाले बिक्री गर्न सहज भएको बताए । तर यसरी बिक्री गर्दा दाम राम्रो नआउने यादवको भनाइ छ । उनले हार्भेस्टर मेशीनबाट कटानी गरेको धानको पराल पनि बिक्री हुने गरेको बताए । अहिले ग्रामीण क्षेत्रमा परम्परागतरूपमा ज्यामी लगाएर धान कटानीभन्दा हार्भेस्टरबाट धान कटानी गर्ने परम्पराको विकास भएको छ ।

खेत, घर, खलियानमा पुगेर पराल खरीद गर्ने व्यापारीहरूले किसानसँग खरीद गरेको पराल वस्तुभाव भएका स्थानमा र कागज उद्योगहरूमा बढी मुनाफा लिएर बिक्री गर्दै आएका छन् । धानबाली भित्र्याएका किसानहरूले तत्काल बिक्री गर्दा मूल्य नआउने देखेर केही किसानहरूले परालालाई खलिहानमा भण्डारण गरेर राखेका छन् । अहिले पराल बिक्री नगरी भण्डारण गरेर राखेका र उचित मूल्यमा बिक्री गर्ने सोच बनाएको किसानहरू बताउँछन् ।

पर्सा जिल्लामा पनि वस्तुभावका लागि परालको खरीद-बिक्री हुन्छ । धानबाली नगण्य मात्रामा हुने तर वस्तुभाव भने बढी राखेका ठोरी गापाका किसानहरूले पराल खरीदमा बढी चासो देखाउँदै आएका छन् । यसका साथै पर्साबाट चितवन, काठमाडौंसम्म माग भए अनुसार पराल, छवाली तथा रबीबालीको भुस खरीद गरी पुऱ्याउने गरेको एकजना व्यापारीले बताए ।

अहिले पराल तथा भुसलाई शहरमा खोलिएका गाईभैंसी फार्ममा पनि बिक्री गर्ने गरेको किसानहरू बताउँछन् । व्यावसायिकरूपमा गाईभैंसी पालन गरेका फार्महरूमा किसानसँग खरीद गरेर केही व्यापारीहरूले मनग्य आम्दानी गरिरहेका छन् । स्थानीय तहको सरकार गठन भएपछि यो सात वर्षको अवधिमा गाउँटोलका सहायक सडकहरू पनि ३० फिटको ग्राभेल, पक्की बनेका छन् र सडक सञ्जालले किसानहरूलाई अहिले आफ्नो बालीका साथै पराल, भुसाको पनि बजारीकरण गर्न सजिलो भएको छ ।

## बाराका पालिकाहरूले सार्वजनिक बिदा दिँदै

### सोमवारदेखि मुख्य पूजा शुरू हुने, भक्तजनहरूको भीड बढ्दै

प्रस, वीरगंज, १६ मङ्सिर/

बारा जिल्लाका १६ वटै पालिकाले बलिका लागि विश्व प्रख्यात पञ्चवर्षीय गढीमाई मेलाका लागि पालिकास्तरमा बिदा दिने भएका छन् ।

यही मङ्सिर २ गते १६ वटै पालिकाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरूको भेलाले गढीमाई मेलालाई लक्षित गरेर आआफ्नो पालिकामा बिदा दिने निर्णय गरेको कलैया उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नाथुप्रसाद साहले बताए ।

उनले कलैया उपमहानगरपालिका कार्यालयले बलिदानको दिन मङ्सिर २३ र २४ गते आइतवार र सोमवार बिदा दिने बताए ।

गढीमाई मेलास्थल महागढीमाई नगरपालिका कार्यालयले भने मङ्सिर १६ गते सूचना प्रकाशित गर्दै मङ्सिर २१ देखि २६ गतेसम्म ६ दिन बिदा घोषणा गरेको छ । २१ गते शुक्रवारदेखि २६ गते बुधवारसम्मका लागि सो नगरपालिकाले अत्यावश्यक सेवाहरूबाहेक वडा कार्यालय, नपाभित्र रहेका सरकारी कार्यालयहरू, शिक्षण संस्थाका साथै वित्तीय संस्थाहरू र सङ्घसंस्थाहरू पनि बन्द रहनेगरी सार्वजनिक बिदा दिएको छ ।

यसपटकको गढीमाई मेला यही मङ्सिर १ गतेदेखि शुरू भइसकेको छ भने मुख्य पूजा भोलि मङ्सिर १७ गते सोमवारदेखि हुनेछ । भोलिदेखि मुख्य पूजा शुरू हुने भएकोले आजदेखि नै मन्दिरमा भीड बढ्न थालेको छ। गढीमाई मन्दिरसम्म पर्सा, रौतहट र छिमेकी भारतबाट आउजाउ गर्ने सडकहरू पक्की बनेका कारण भक्तजनहरू मेला भर्न



आआफ्नो सवारीसाधनबाट जाने-आउने गर्दैछन्, जसले गर्दा मन्दिरमा पहिले जस्तो ठूलो भीड देखिएको छैन । मेलामा मनोरञ्जनका साधनहरू, खाजापसल, होटललगायतका पसलहरू सञ्चालनमा आइसकेका छन् ।

## विश्व एड्स दिवस विविध कार्यक्रम गरी सम्पन्न

प्रस, वीरगंज, १६ मङ्सिर/

३७औं विश्व एड्स दिवस नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल वीरगंजले आइतवार अस्पताल परिसरमा कार्यक्रम गरी मनाएको छ । 'एड्स अन्त्यका लागि सबैको अधिकार सुनिश्चित गरौं' नाराका साथ कलेजमा सचेतनामूलक कार्यक्रम गरी दिवस मनाइएको थियो ।



एड्स अन्त्यका लागि कलेजका बिएस्सी १५औं ब्याचका विद्यार्थीहरू सुप्रिया कडरिया, करुणा नेपाल, अर्चना साह, अस्मिता विश्वकर्मा, सफलता श्रेष्ठ, सुमिना श्रेष्ठ, कृति पौडयाल, माया जोशीलगायत छात्राहरूले आमाबाट शिशुमा हुने सङ्क्रमण न्यूनीकरणबारे जनचेतनामूलक कार्यक्रम प्रस्तुत गरेको कलेजका प्रेस सल्लाहकार आशिक अन्सारीले बताए ।

यसैगरी, दिवसको अवसरमा अस्पतालमा भर्ना भएका बिरामीहरूलाई फलफूल वितरण गरिएको उनले बताए ।

कार्यक्रममा विद्यार्थी जागरण मञ्च, वीरगंजका कार्यक्रम संयोजक नीरज साहले देश र विदेशमा सङ्क्रमितहरूको अवस्थाका बारे प्रकाश पारेका थिए । उनले एचआइभी सङ्क्रमितहरूलाई अहिले पनि भेदभाव हुँदै आएको बताए ।

तीन दशक लामो समयदेखि यो रोग रगतबाहेक अन्य माध्यमबाट नसर्ने भनेर सचेत गराउँदै आए पनि स्वास्थ्यकर्मीहरू र अस्पतालबाट पनि सङ्क्रमितहरूप्रतिको भेदभाव जारी रहेको बताए । निजी अस्पतालहरूले सङ्क्रमण पुष्टि हुनासाथै सरकारी अस्पतालमा पठाउने गरेको बताए ।

कलेजकी निर्देशिका ईशरत जहाँ अन्सारीको अध्यक्षतामा भएको कार्यक्रममा अस्पतालका अध्यक्ष प्राडा जैनुद्दीन अन्सारी, प्रबन्ध निर्देशक शाहनबाज अन्सारी, एकेडेमिक निर्देशक नुशरत जहाँ अन्सारी, एडमिसन डाइरेक्टर आबिद हुसेन अन्सारी, प्रधानाध्यापक डा केएन सिंह, सहप्राध्यापक रविशङ्कर गुप्ता, कलेजका प्रशासन प्रमुख गौसुल आजमलगायतको सहभागिता थियो ।

**प्रस, वीरगंज/**



यसैगरी, विश्व एड्स दिवसको अवसरमा आइतवार साँझ घण्टाघरमा र्याली, कोणसभा र दीप प्रज्वलित गरेर मनाइयो । स्वास्थ्य कार्यालय, पर्साको अगुवाइमा वीरगंज महानगरपालिका, नारायणी अस्पताल र पर्सा जिल्लामा एचआइभी क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूको सहभागितामा र्याली निकालिएको थियो ।

घण्टाघरमा आयोजित कोणसभामा वीरगंज महानगरका स्वास्थ्य अधिकृत सुमन ठाकुरले दिवसको महत्वबारेमा प्रकाश पारेका थिए । उनले नेपाल सरकारले सन् २०१६-२०२६ सम्मको

(बाँकी अन्तिम पातामा)

## रौतहटमा उपनिर्वाचन शान्तिपूर्वक सम्पन्न

प्रस, रौतहट, १६ मङ्सिर/

रौतहट जिल्लाका तीन पालिकामा उपनिर्वाचन शान्तिपूर्वक सम्पन्न भएको छ ।



आइतवार बिहान ७ बजेदेखि शुरू भएको उपनिर्वाचनको मतदानमा मतदाताहरूको उत्साहजनक सहभागिता थियो । जिल्ला निर्वाचन अधिकृतको कार्यालय, रौतहटका प्रमुख छोटेलाल दासले ईशनाथ नगरपालिका-७, राजपुर नपा-६ र गढीमाई नपा-८ मा आज भएको उपनिर्वाचनमा ७३.२३ प्रतिशत मत खसेको बताए ।

उपनिर्वाचन शान्तिपूर्णरूपमा शुरू भएर शान्तिपूर्ण तरीकाबाट सम्पन्न भएको प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले बताए ।

## स्थायी अध्यापन अनुमतिपत्रको परीक्षामा मधेस प्रदेशमा बढी परीक्षार्थी

प्रस, परवानीपुर, १६ मङ्सिर/

शिक्षक सेवा आयोगले शनिवार लिएको निम्न माध्यमिक विद्यालय तह स्थायी अध्यापन अनुमतिपत्रको परीक्षामा मधेस प्रदेशबाट सबैभन्दा बढी सहभागिता देखिएको छ ।

आयोगले निमावि तह स्थायी अध्यापन अनुमतिपत्रको परीक्षाका लागि मधेस प्रदेशको राजधानी जनकपुर र वीरगंजमा तोकेको थियो । दुई स्थानमा भएको परीक्षामा करीब साढे २१ हजार जना परीक्षामा सहभागी भएका थिए । वीरगंजमा मात्रै १३ हजार ४३५ जना



परीक्षार्थी सहभागी थिए ।

यहाँका ११ वटा सामुदायिक र २३ वटा संस्थागत विद्यालयमा गरी ५४ वटा परीक्षा केन्द्र तोकिएको थियो । १०० पूर्णाङ्कको यो परीक्षामा ५० अङ्क ल्याउने

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

मानिस कष्ट, असफलता, हेपाइ, नोक्सान, अनादर, चित्त दुःखाइबाट परिपक्व हुन्छ, उमेरले हुँदैन ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# सिम्रौनगढको संरक्षण

नेपालको ऐतिहासिक र सांस्कृतिक धरोहर सिम्रौनगढले सदियौं पुरानो सभ्यता र गौरव बोकेको छ । मल्लकालीन शासनकालदेखि मिथिलाको धार्मिक, सांस्कृतिक र राजनीतिक केन्द्र रहँदै आएको यो क्षेत्र राष्ट्रकै सम्पत्ति हो । पछिल्लो समय यस क्षेत्रका सम्पदा जोखिममा परेका छन्। धार्मिकस्थल, पुरातात्त्विक संरचना र ऐतिहासिक महत्त्वका धरोहर मासेर जथाभावी बस्ती विस्तार, घर निर्माण, माछापोखरी खन्ने एवं अवैधरूपमा जग्गा हडप्ने जस्ता गतिविधिका कारण यहाँको सम्पदा लोप हुने अवस्थामा पुगेको छ। सम्पदा केवल भौतिक संरचना मात्र होइन, यो हाम्रो पहिचान, इतिहास र संस्कृतिको जरा पनि हो । सिम्रौनगढजस्ता पुरातात्त्विक स्थलहरू हाम्रो देशको इतिहासका जीवन्त प्रमाण हुन् । यी संरचनाहरूले भविष्यका पुस्ताहरूलाई हाम्रो विगत सम्झाउन मदत पुग्नेछ। सम्पदा संरक्षण आर्थिक दृष्टिले पनि महत्त्वपूर्ण छ । धार्मिक र ऐतिहासिक स्थलहरूमा पर्यटकहरू आकर्षित हुने भएकाले यसले व्यापार एवं रोजगार सृजना गर्दै स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्छ ।

सिम्रौनगढमा पछिल्ला केही वर्षयता देखिएका समस्या गम्भीर छन् । पुरातात्त्विकस्थलनजीकै माछापोखरी खन्ने नाममा भूमि खण्डित गरिएका छन्। धार्मिक महत्त्व बोकेका मूर्तिहरू चोरी हुने वा संरचना नासिने क्रम बढेका छन् । यस क्षेत्रमा अनियन्त्रितरूपमा भइरहेको बस्ती विस्तारले सम्पदालाई जोखिममा पारेको छ। धार्मिक र ऐतिहासिक स्थल आसपासका क्षेत्रहरू अव्यवस्थितरूपमा प्रयोग गर्दा पुरातात्त्विक स्थलहरूको मौलिकता समाप्त हुने खतरा छ । कतिपय निर्माणले पुरातात्त्विक वस्तु तथा अवशेषलाई छोपेर उत्खननको सम्भावना नै अन्त्य गरिदिएको छ । त्यसैगरी, ऐतिहासिकस्थलहरूका जग्गा अवैधरूपमा कब्जा गर्ने प्रवृत्तिले सिम्रौनगढको महत्त्व घटाउँदै लगेको छ। स्थानीय सरकार र पुरातत्त्व सम्पदा संरक्षणसँग सम्बन्धित निकायहरूको लापरवाही तथा कमजोर निगरानीका कारण यस्ता गतिविधिले बढावा पाएको हो । पुरातात्त्विक र सांस्कृतिक सम्पदाको संरक्षणका लागि कानून भएपनि यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । जिम्मेवार निकायको गैरजिम्मेवारीले भूमाफिया र अतिक्रमणकारीहरूको मनोबल बढ्दो छ ।

आजको प्रणाली तथा राज्य व्यवस्था अनुसार सिम्रौनगढ संरक्षणको प्रमुख जिम्मेवारी त्यहाँको स्थानीय तहको हो । धार्मिक, ऐतिहासिक तथा पुरातात्त्विक स्थल र सो वरपरका गतिविधि व्यवस्थित गर्दै माछापोखरी खन्ने र बस्ती विस्तार जस्ता गतिविधिमा पालिकाले रोक लगाउन सक्नुपर्छ। स्थानीय समुदायलाई सम्पदाको महत्त्व बुझाउन जनचेतना अभियान सञ्चालन गर्दै त्यस्ता अभियानमा स्थानीयलाई सहभागी गराइ सहकार्य र सहयोग लिन सक्नुपर्छ । यस क्षेत्रको संरक्षणका लागि सरकार र निजी क्षेत्रको सहकार्य पनि चाहिन्छ नै, यसको निम्ति स्थानीय पालिकाले संयोजन गर्दै सहकार्यको वातावरण निर्माण गर्नुपर्छ। धार्मिक तथा सांस्कृतिक पर्यटनलाई प्रोत्साहित गर्न सके स्थानीय राजस्व सङ्कलनका साथै क्षेत्रको प्रचारप्रसारमा पनि सहयोग पुग्नेछ । पुरातात्त्विकस्थलहरूको अनुसन्धान र पहिचान गरी मौलिक तथ्यहरूको अभिलेख राख्न आवश्यक छ। संरचनाहरूको मर्मत तथा पुनर्निर्माणका लागि दीर्घकालीन योजना तयार गर्दै बस्ती विकास, पूर्वाधार निर्माण, पाखेरी खन्नेलगायतका कार्यका लागि पालिकाले मापदण्ड तय गर्ने र कडाइका साथ लागू गर्न अग्रसरता लिनुपर्छ ।

# आवश्यकता लालचको कारण हो

शिक्षा नेपाल

अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**आवश्यकता र लालचको गतिशीलताले मानव इतिहासलाई गम्भीर रूपले प्रभावित गरेको छ। सभ्यता, अर्थ व्यवस्था र नैतिक मूल्यलाई आयाम दिएको छ। तर आवश्यकताको पूर्तिले प्रगतिलाई बढावा दिन्छ। अनियन्त्रित लालचले भने सामाजिक पर्यावरणीय र नैतिक पतनतर्फ लिएर जान्छ।**

महात्मा गाँधीले के भनेका थिए– “संसारले मानवीय सबै आवश्यकता पूरा गर्न सक्छ, तर मानवीय लालचलाई सन्तुष्ट पार्न सक्दैन।” मानव इतिहास आवश्यकता र लालचका अवधारणासँग गहिरो रूपमा जोडिएको छ। मानव अस्तित्वका प्रारम्भिक कालखण्डदेखि वर्तमानको जटिल सामाजिक संरचनासम्म यी दुवै शक्तिले सभ्यता, अर्थ व्यवस्था र पारस्परिक सम्बन्धलाई एउटा नयाँ आयाम दिएको छ । आवश्यकता जीवनको मूल आधार हो, जसले मानिस र समुदायको अस्तित्व एवं कल्याणको लागि आवश्यक कुरा खोज्न प्रेरित गर्दछ। हुनत जब आवश्यकता लालचमा परिवर्तन हुन्छ तब यसको परिणाम व्यक्तिको लागि मात्र नभई, व्यापक सामाजिक संरचनाको लागि पनि हानिकारक हुन्छ ।

आवश्यकता जीवन निर्वाहका लागि नभई नहुने खाना, जल, आश्रय र सुरक्षा जस्ता मूलभूत कुरा हो। जसैजसै मानव समाज विकसित हुँदै गयो, त्यसैत्यसै आवश्यकताको अवधारणा पनि विस्तृत भएर भावनात्मक, सामाजिक र मनोवैज्ञानिक–माया, मोह, आफ्नोपन, सम्मान र आत्म–साक्षात्कारको रूपमा प्रकट हुन थाल्यो। यी आवश्यकताहरूले मानव व्यवहारलाई विकसित गर्दछ र मानिसलाई यस्ता कार्य गर्न प्रेरित गर्दछ जसले उसको अस्तित्व र कल्याणलाई सुरक्षित गर्दछ ।

आवश्यकताले सामाजिक तहमा अर्थ व्यवस्था, प्रविधि, उद्योग र सामाजिक संरचनाहरूको विकासका लागि प्रेरित गरेको छ। भोजनको आवश्यकताले कृषि विकासलाई जन्मायो । सुरक्षाको आवश्यकताले समुदाय र राष्ट्र गठन भयो। सामाजिक सहयोग र सम्पर्कको आवश्यकताले सामाजिक नियम र संस्थाहरूको स्थापना भयो। यस अर्थमा आवश्यकतालाई प्रगति र आधुनिकीरणाको एउटा प्रभावशाली शक्ति मान्न सकिन्छ।

हुनत आवश्यकताको गम्भीर पक्ष पनि छ। जुनबेला आधारभूत आवश्यकता पुरा हुँदैन त्यस बेला मानिस वा समूह गैरकानूनी उपायको सहारा लिन तम्सन्छ जसबाट सामाजिक सङ्घर्ष, अपराध र सामाजिक अशान्ति उत्पन्न हुन्छ। यस प्रकारको क्रियाकलापले लालच जन्मन्छ, किनभने मानिस वा समूह आफ्नो अस्तित्व वा सुरक्षाको सुनिश्चितताका लागि आवश्यकताभन्दा बढी संसाधन हासिल गर्ने प्रयास गर्दछ।

लालच भनेको आवश्यकताभन्दा बढी हासिल गर्ने विकट इच्छा हो, खासगरी भौतिक सम्पदा वा हैसियतको मामिलामा। यो धेरै प्रकारको कारकबाट व्युत्पन्न हुन्छ, जसमा भय, असुरक्षा र सामाजिक श्रेष्ठताको आकाङ्क्षा सामेल हुन्छ । आवश्यकता प्रायः त्यस बेला लालचमा रूपान्तरण हुन्छ, जब धेरै प्राप्त गर्ने निरन्तर चाहना जन्मन्छ।

आवश्यकता लालचमा परिणत भएको साम्राज्य र मानिसको व्यवहारमा हेर्न सकिन्छ। सुरक्षा र समृद्धिको खोजीमा ससाना राज्यको रूपमा रहेको समुदाय प्रायः बढी भूमि, संसाधन र शक्तिको लालचले प्रेरित भएर उपनिवेशीकरणको माध्यमले सीमा विस्तार गर्न थाल्दछ । यसैगरी सामाजिक आवश्यकता पूरा गर्ने लक्ष्यका साथ प्रारम्भ भएका समुदाय धेरै बाजारको हिस्सेदारी र लाभको चाहनाबाट प्रेरित भई एकाधिकारमा परिणत हुन्छ।

व्यक्तिगत स्तरमा भय र असुरक्षाबाट प्रेरित भई आवश्यकता लालचमा स्थानान्तरण हुन्छ। उदाहरणका लागि गरीबीको रेखामुनि रहेको मानिसमा अभावको गहिरो भय विकसित हुन सक्छ जसले गर्दा उसको आफ्नो मूलभूत आवश्यकता पूर्ति भएपछि पनि धन वा संसाधनको सञ्चय गर्न थाल्छ। यो भय आधारित लालचले अन्य मानिसलाई हानि पुऱ्याउने तथा शोषण, छल र भ्रष्टाचारलाई जन्माउन सक्छ।

जब लालच अनियन्त्रितरूपले फल्नेफुल्ने मौका पाउँछ, व्यक्ति, समाज र पर्यावरणमाथि यसको विनाशकारी परिणाम हुन सक्छ । लालचको तात्कालिक परिणाममध्ये एक सामाजिक विश्वास र सामञ्जस्यताको ह्रास हो। लालचले मानिसलाई अरूको हितमाथि आफ्नो हितलाई प्राथमिकता दिन प्रेरित गर्दछ जसबाट प्रतिस्पर्द्धा, सङ्घर्ष हुन्छ र सामाज विखण्डित हुन्छ।

लालचको पर्यावरणीय प्रभाव पनि धेरै गम्भीर छ। बढी संसाधन हासिल गर्ने इच्छाले प्राकृतिक संसाधनको अत्यधिक दोहन, वनविनाश, प्रदूषण र जलवायु परिवर्तन हुन्छ । यसबाट अनगिन्ति प्रजातिको अस्तित्व विलीन हुन्छ र धरतीमा मानव जीवनको जग नै हल्लिन पुग्छ। लाभको आकाङ्क्षाले मानिसलाई विपरीत प्राकृतिक कार्य गर्न प्रेरित गर्छ जसले दीर्घकालीन परिणामप्रति उसलाई अन्धो बनाइदिन्छ। यसबाट पर्यावरणको क्षति हुनुको साथै जैविक विविधतामा पनि ह्रास आउँछ।

वैश्वीकरणले वैश्विक बाजारको संरचना तयार गरेर यस्ता मुद्दाहरूलाई झन् बढाएको छ । वैश्विक बाजारमा धन एवं संसाधन केही बहुराष्ट्रिय कम्पनीहरूको हातमा सीमित छ । यी संस्थाहरूले सरकार र अन्तर्राष्ट्रिय संस्थाहरूलाई धेरै प्रभावित गर्छन्। आफ्नो फाइदाको लागि नीति नियमावली तयार गर्न लाउँछन् । शक्ति र धनको यस साझेदारीले विश्व अर्थ व्यवस्थालाई जन्म दिएको छ, जसले मानव तथा पर्यावरणको तुलनामा लाभलाई बढी प्राथमिकता दिन्छ। यसबाट सामाजिक र पर्यावणीय कल्याणको हरण हुन्छ।

यसबाहेक वैश्विक अर्थ व्यवस्थाले उपभोक्तवादलाई जन्म दिएको छ, जहाँ भौतिक वस्तु र धनको निरन्तर खोजीलाई सफलता र खुशीको आधार मानिन्छ । यस संस्कृतिले लालचलाई बढावा दिनुका साथै मानिसलाई स्वाभाविक प्रकृतिबाट टाढा पारेको छ। जसैजसै मानव र समाज उपभोग र धन सञ्चयमाथि बढी केन्द्रित हुँदै जान्छ, करुणा, सहयोग र मानवीय भावना एकादेशको कथा बन्न पुग्छ।

केही मानिसको हातमा मात्र धन केन्द्रित हुँदा देशमाथि यसको गहिरो प्रभाव पर्छ । यसले सामाजिक तथा आर्थिक असमानतालाई बढावा दिन्छ। राजनीतिक र आर्थिक प्रणालीमा फेरबदल गर्छ र समाजिक गतिशीलताको अवसरलाई सीमित पार्छ । महत्त्वपूर्ण आर्थिक क्षेत्रमाथि नियन्त्रण रहेका अरबपति परिवार र कम्पनीको उदय धन सञ्चयको सङ्केत हो। यस्ता संस्थाहरूसँग अपार आर्थिक शक्ति हुन्छ, जसबाट उनीहरूले बाजारलाई प्रभावित गर्न सक्छन् । आफू अनुकूल उद्योग नीति बनाउन सक्छन् र सार्वजनिक नीतिलाई प्रभावित गर्न सक्छन्।

मनोवैज्ञानिकरूपले लालचले मानिसमा नकारात्मक प्रभाव उत्पन्न गर्छ, जसबाट उनीहरू तनाव, चिन्ता, असन्तोष वा खालीपनको शिकार हुन्छ। भौतिक धन वा शक्तिको खोज प्रायः स्थायी आनन्द र सन्तोष प्रदान गर्न विफल नै रहन्छ। जसले गर्दा इच्छा र असन्तोषको एउटा दुष्चक्र निर्माण हुन्छ । यसको परिणामस्वरूप मानसिक स्वास्थ्य सम्बन्धी समस्याहरू हुन सक्छ–जस्तै चिन्ता, कुलत जसले अर्थ वा उद्देश्यको हानि हुन सक्छ।

नैतिक दृष्टिकोणले लालचलाई प्रायः एउटा बुराई वा नैतिक विफलता मानिन्छ। अधिकांश धार्मिक र दार्शनिक परम्पराले लालचको निन्दा गरेका छन् । यसलाई एउटा विनाशकारी शक्तिको रूपमा हेरेका छन्। यसले मानवीय गरिमा र सामाजिक सद्भाव कमजोर बनाउँछ भन्ने दृढ विश्वास व्यक्त गरेका छन्।

बौद्ध धर्ममा लालच, घृणा र मोहजस्तै एउटा विष हो। यी विषहरूलाई दुःखको मूल कारण मानिन्छ जसले आत्मज्ञानको मार्गमा बाधा पुऱ्याउने काम गर्दछ । लालच, भौतिक इच्छाको चाहनाप्रति लगावको रूपमा हेरिन्छ जसले असन्तोष एवं पीडातर्फ लिएर जान्छ । यसैगरी इसाई धर्मशास्त्रमा लालच सात घातक पापमध्ये एक मानिएको छ । यसलाई धन र सम्पत्तिको प्रबल चाहनाको रूपमा हेरिन्छ जसले अन्य पाप र अनैतिक व्यवहारलाई जन्म दिन्छ। हिन्दू धर्मग्रन्थ गीतामा पनि लालचको आलोचना गरिएको छ। भगवान् कृष्णले लालचलाई महान् विध्वंसक र पापको जगको रूपमा वर्णन गरेका छन् । यसले मानिसलाई धार्मिकता र आध्यात्मिक विकासबाट टाढा लग्छ। इस्लाममा पनि लालचलाई ठूलो पाप मानिएको छ। कुरानले धन र सम्पत्तिको लागि अत्यधिक लगावविरुद्ध चेतावनी दिएको छ। दानको महत्त्व र गरीबहरूलाई मदत गर्ने कुरामा जोड दिएको छ। यसर्थ लालचलाई आध्यात्मिक विकास र सामाजिक न्यायमा बाधाको रूपमा हेरिन्छ।

आवश्यकता र लालचले मानव इतिहासलाई गम्भीररूपले प्रभावित गरेको छ । सभ्यता, अर्थ व्यवस्था र नैतिक मूल्यलाई नयाँ आयाम दिएको छ। तर आवश्यकताको पूर्तिले प्रगतिलाई बढावा दिन्छ । अनियन्त्रित लालचले बरु सामाजिक पर्यावरणीय र नैतिक पतन गराउँछ । लालचको परिणामले असमानता, पर्यावरणीय विनाश र सामाजिक सामञ्जस्य ह्रास गर्छ । आवश्यकताले मानव इच्छापूर्तिको सन्तुलित दृष्टिकोण अघि सार्छ। नैतिक सिद्धान्त–करुणा र स्थिरतामाथि जोड दिनु धेरै न्यायपूर्ण र सामञ्जस्यपूर्ण विश्व स्थापित गर्नको लागि आवश्यक छ, जहाँ आवश्यकताहरूको खोजी विनशकारी लालचमा परिवर्तन हुन नसकोस्।

# “नियमित औषधिसेवन गरे सक्रिय जीवन बाँच्न सकिन्छ”

**विश्व एड्स दिवस**

बुनु थारू
काठमाडौं, १६ मङ्सिर/रासस

आफू एचआइभी सङ्क्रमित भएको थाहा पाउँदा धरानका खगेन्द्र खड्कालाई संसारै अन्धकार लागेको थियो। एकातिर परिवार र समाजले के भन्ला भन्ने भय, अर्कोतिर अब धेरै बाँचिंदैन भन्ने डर। लागूऔषध प्रयोग गर्ने क्रममा २६ वर्ष अघि उनमा एचआइभी देखिएको थियो।

सङ्क्रमण पुष्टि भएको पाँच वर्षसम्म पनि उनी लागूऔषधबाट मुक्त हुन सकेनन्। २०६३ सालमा एक पुनर्स्थापना केन्द्रको सहयोगमा उनी दुर्व्यसनबाट मुक्त भए। त्यसयता खड्का विभिन्न सामाजिक संस्थामा आबद्ध भई सङ्क्रमितका हितमा वकालत तथा परामर्श दिंदै आउँछन् । एचआइभी सङ्क्रमण भएकै कारण विभेद र लाञ्छना भोग्नुपरेको सङ्क्रमितसँग धेरै अनुभव छन्।

२३ वर्ष अघि खड्काको एक दुर्घटनामा हात भाँचिएको थियो। उनी उपचारका लागि अस्पताल पुग्दा रिपोर्टमा सङ्क्रमित भएको थाहा पाएपछि स्वास्थ्यकर्मीले ‘प्लास्टर’ गर्नुपर्नेमा ‘ब्यान्डेज’ मात्र गरेर पठाइदिएका थिए । जसले गर्दा उनको एउटा हात अझै राम्रो अवस्थामा छैन । खड्का एचआइभी सङ्क्रमितप्रतिको दृष्टिकोण पहिले र अहिलेमा आकाश–जमीनको फरक रहेको बताउँछन्। उनी भन्छन्, “मलाई सङ्क्रमण पुष्टि भएको त्यो समय र अहिले फरक छ। समाजमा लाञ्छना भोगिरहेका होलान् तर पहिलेभन्दा निकै कम छ।” उनका अनुसार नियमित औषधिसेवन, स्वास्थ्य जीवनयापन तथा पौष्टिक आहारले एचआइभी सङ्क्रमित सक्रिय जीवन बाँच्न सक्छन्। उनी भन्छन्, “एड्सबाट सुरक्षित रहन परिवार तथा समाजलाई सजग गराएको छु । सबैले सुरक्षित व्यवहार गर्नुपर्छ । मेरी पत्नी र दुईजना बच्चा छन्। उनीहरू कसैमा पनि सङ्क्रमण छैन।”

राष्ट्रिय एचआइभी तथा एड्स महासङ्घ नेपालका अध्यक्षसमेत रहेका उनले सकारात्मक सोचले नै जीवन बाँच्ने ऊर्जा प्रदान गर्ने बताए । सङ्घले सङ्क्रमितको जीवन राम्रो बनाउने, जोखिमपूर्ण समुदायको परीक्षणद्वारा पहिचान गराउने र थप जोखिमबाट बचाउने काम गरिरहेको छ।

२६ वर्षीया यशोदा तिमिल्सिना एचआइभी सङ्क्रमण पुष्टि भएपछि आफू जस्तै थुप्रै सङ्क्रमितलाई यसबारे पैरवी र परामर्श दिंदै आएकी छन् । उनको सुझाव छ, “पहिले यो रोगलाई प्राणघातकको रूपमा लिइन्थ्यो। अहिले त्यस्तो अवस्था छैन । सङ्क्रमण हुने बित्तिकै डराउनु र आत्तिनुपर्दैन किनकि लामो जीवनयापन गर्न औषधि उपलब्ध छन्।” राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको पछिल्लो तथ्याङ्क अनुसार सन् २०२३ को अन्त्यसम्म नेपालमा ३० हजार तीन सय व्यक्तिमा एचआइभी सङ्क्रमण भएको अनुमान छ।

सन् २०२३ मा ४५७ व्यक्तिमा एचआइभीको नयाँ सङ्क्रमण भएको अनुमान गरिएको छ। सन् २०२३ मा मात्रै २२१ व्यक्तिको एड्सका कारण मृत्यु भएको अनुमान गरिएको छ। नेपालमा एचआइभी सङ्क्रमणको उच्च जोखिममा सुईद्वारा लागूपदार्थ प्रयोग गर्नेहरू, यौनकर्मी, जेलमा रहेका कैदी, पुरुष समलिङ्गी तथा तेस्रोलिङ्गी र रोजगारका लागि विदेशिनेहरू छन्। यीमध्ये सुईद्वारा लागूपदार्थ प्रयोग गर्नेहरू र पुरुष समलिङ्गी यौनकर्मीमा सङ्क्रमण दर अरू जोखिम समूहभन्दा उच्च छ।

नेपालमा सन् २०३० सम्ममा एड्सको महामारी अन्त्य गर्ने लक्ष्य हासिल गर्न ९५ प्रतिशत एचआइभी सङ्क्रमितले आफ्नो सङ्क्रमण अवस्थाबारे थाहा पाउने, तीमध्ये ९५ प्रतिशतको औषधि उपचारमा पहुँच हुने र ती औषधि खानेमध्ये ९५ प्रतिशतको शरीरमा भाइरसको भार (भाइरल लोड) न्यून हुनुपर्ने भनिएको छ। हरेक वर्ष डिसेम्बर १ का दिन विश्व एड्स दिवस मनाइन्छ। यो वर्ष ‘एड्स अन्त्यका लागि सबैको अधिकार सुनिश्चित गरौं’ नाराका साथ ३७औं एड्स दिवस विभिन्न जनचेतनामूलक कार्यक्रम गरी मनाइयो।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# ११ महीनामा १० लाख ५५ हजार विदेशी पर्यटक भित्रिए

काठमाडौं, १६ मङ्सिर

सन् २०२४ को ११ महीनामा १० लाख ५५ हजारभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डको तथ्याङ्क अनुसार यस वर्षको जनवरीदेखि नोभेम्बरसम्म हवाई मार्ग भएर १० लाख ५५ हजार ५३३ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन् ।

उक्त तथ्याङ्क अनुसार सन् २०२४ मा १३ लाख १५ पर्यटक स्वागत गर्ने लक्ष्य हासिल गर्न कठिन हुने देखिएको छ। सन् २०२४ अन्त्य हुन अब एक महीना मात्र बाँकी छ । डिसेम्बरमा करीब ७० हजार पर्यटक आउने बोर्डले अनुमान गरेको छ। यसरी हेर्दा वर्ष २०२४ मा ११ लाख १५ हजार हाराहारी मात्रै पर्यटक भित्रिने देखिन्छ ।

नोभेम्बरमा मात्रै एक लाख १४ हजार ५०१ पर्यटक आएका छन् । यो अघिल्लो वर्ष सन् २०२३ को सोही महीनाको तुलनामा पाँच दशमलव ४० प्रतिशत बढी हो । उक्त वर्षको नोभेम्बरमा एक लाख आठ हजार ६३० पर्यटक भित्रिएका थिए ।

सन् २०१९ को नोभेम्बरमा एक लाख ३० हजार ३०३ विदेशी पर्यटकले नेपाल भ्रमण गरेको बोर्डको तथ्याङ्कमा उल्लेख छ । बोर्डका निर्देशक मणिराज लामिछानेले हालसम्मको पर्यटक आगमन विश्लेषण गर्दा सन् २०२३ को तुलनामा झन्डै १० प्रतिशत मात्रै बढ्ने देखिएको बताए । सन् २०२३ मा १० लाख १४ हजार ८७१ विदेशी पर्यटकले नेपाल भ्रमण गरेको उनले जानकारी दिए ।

बोर्डले सन् २०२४ मा कोरोना महामारीपूर्व सन् २०१९ मा आएका पर्यटकभन्दा बढी आउने अनुमान गरेको थियो । सन् २०१९ मा ११ लाख ९७ हजार १९१ विदेशी पर्यटक नेपाल आएका थिए । एशिया प्यासिफिक क्षेत्रको भन्दा नेपालको पर्यटन पुनरुत्थान माथि रहेको बोर्डका निर्देशक लामिछानेले उल्लेख गरे ।

संयुक्त राष्ट्रसङ्घ विश्व पर्यटन सङ्गठन (युएनडब्लुटिओ)को छ महीनाको आँकडा अनुसार विश्वव्यापीरूपमा ९६ प्रतिशतले नेपालको पर्यटन पुनरुत्थान भएको छ । उक्त अवधिमा विश्वव्यापी ९३ प्रतिशत पर्यटन पुनरुत्थान भएको जनाइएको छ । विभिन्न कारणले सन् २०२४ मा प्रक्षेपण गरिएको पर्यटक आगमन लक्ष्य भेटाउन कठिन भएको बोर्डका निर्देशक लामिछानेले उल्लेख गरे ।

“हालसम्मको पर्यटक आगमन हेर्दा विश्वव्यापीरूपमा नेपालको पर्यटक आगमन सकारात्मक देखिन्छ,” उनले भने, “पर्यटनका विभिन्न सूचकलाई विश्लेषण गर्दा सन् २०१९ को भन्दा बढी पर्यटक आउने प्रक्षेपण गरिएको थियो । लामो समयसम्म बोर्डको अन्तर्राष्ट्रिय प्रवर्द्धन रोकिनु, विमान दुर्घटना र प्राकृतिक विपत्तिलगायत कारणले पर्यटक आगमन सुधार हुन नसकेको अनुमान गरिएको छ ।”

करीब छ महीना बोर्डको अन्तर्राष्ट्रिय प्रवर्द्धन रोकिनु, बीचमा विमान र हेलिकप्टर दुर्घटना हुनु, असोजको ११ र १२ गतेको अविरल वर्षापछिको बाढीपहिरोपछिका घटना र गत कात्तिक २३ गतेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको १० घण्टा उडान बन्दलगायत कारणले अपेक्षितरूपमा पर्यटक आउन नसकेको बोर्डले विश्लेषण गरेको छ ।

बोर्डको विवरणमा नोभेम्बरमा भारतबाट १९ हजार ९१५ पर्यटक आएका छन् । संयुक्त राज्य अमेरिकाबाट १० हजार ९८१ र चीनबाट नौ हजार ४५८ पर्यटकले नेपाल भ्रमण गरेका छन् । संयुक्त अधिराज्य बेलायतबाट छ हजार ५११, बङ्गलादेशबाट पाँच हजार १४८, अस्ट्रेलियाबाट चार हजार ८२९, थाइल्यान्डबाट चार हजार २६२, श्रीलङ्काबाट चार हजार ३९५, जर्मनीबाट तीन हजार ९२६ र फ्रान्सबाट तीन हजार ८४१ पर्यटक नेपाल भ्रमणमा आएका छन् ।

**कुन महीनामा कति पर्यटक**

मार्चमा सबैभन्दा बढी एक लाख २८ हजार १६७ र सबैभन्दा कम जुलाईमा ६४ हजार ५९९ पर्यटकले नेपाल भ्रमण गरेका छन् । अक्टोबरमा एक लाख २४ हजार ३९३, अप्रिलमा एक लाख ११ हजार ३७६ पर्यटक आएका तथ्याङ्कमा उल्लेख छ । नोभेम्बरमा एक लाख १४ हजार ५०१, सेप्टेम्बरमा ९६ हजार ३०५, जनवरीमा ७९ हजार एक सय, फेब्रुअरीमा ९७ हजार ४२६, मेमा ९० हजार २११, जूनमा ७६ हजार ७३६ र अगस्तमा ७२ हजार ७१९ पर्यटक नेपाल आएका थिए ।

# भारत र चीनबाट पर्यटक भित्र्याउन ‘नाइस-२०२५’ को आयोजना

काठमाडौं, १६ मङ्सिर/रासस

पर्यटन प्रवर्द्धन गरी छिमेकी मुलुक भारत र चीनबाट धेरैभन्दा धेरै पर्यटक भित्र्याउने उद्देश्यले संयुक्तरूपमा ‘नेपाल इन्डिया चाइना एक्सपो (नाइस-२०२५) गरिने भएको छ ।

आउँदो फागुन १२ देखि १४ गतेसम्म पोखरामा उक्त एक्सपो (मेला) आयोजना गरिएको प्यासिफिक एशिया ट्राभल एशोसिएशन (पाटा) नेपाल च्याप्टरले जनाएको छ। आयोजक पाटाका अनुसार एक्स्पोका लागि नेपाल पर्यटन बोर्ड, उद्योग तथा पर्यटन मन्त्रालय (गण्डकी प्रदेश), पोखरा महानगरपालिका, पोखरा टुरिज्म काउन्सिल र अन्य प्रमुख पर्यटनसँग सम्बन्धित सङ्घसंस्थाको सहकार्य रहने जनाइएको छ ।

पाटा नेपाल च्याप्टरका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुरेशसिंह बुडालका अनुसार एक्स्पोमा एक सयभन्दा बढी क्रेता, ८० भन्दा बढी विक्रेता, भारत र चीनका २५ भन्दा बढी सञ्चारकर्मी र विज्ञ वक्तालगायत गरी एक हजार बढीको सहभागिता रहनेछ ।

उनले एक्स्पो आयोजनाको मुख्य उद्देश्य दुई ठूला अर्थतन्त्र तथा पर्यटन स्रोतबजार भारत र चीनमा नेपालको पर्यटन सम्भाव्यता र एकीकृत व्यावसायिक अवसरलाई प्रवर्द्धन गर्नु रहेको बताए । ‘नाइस फर माइस एन्ड मोर’ नाराका साथ आयोजना हुने एक्स्पोले पोखरालाई पदयात्रा र साहसिक पर्यटन केन्द्रको रूपमा मात्र नभई माइस पर्यटन (अर्थात् बैठक, सभा सम्मेलन, प्रोत्साहन, विवाह तथा अन्य उत्सव, महोत्सव, समारोह, मेला र प्रदर्शनी)का लागि आकर्षक गन्तव्यको रूपमा प्रवर्द्धन गर्ने पाटाले आज विज्ञप्तिमार्फत जनाएको छ ।

एक्स्पोका संयोजक सुनील भट्टराईले छिमेकी पर्यटन स्रोतबजार (चीन र भारत) बाट पर्यटन सम्बद्ध व्यवसायी र निजी तथा सरकारी निकायका सरोकारवाला एवं सङ्घसंस्थालाई एकै थलोमा आमन्त्रण गरी आपसी व्यापार प्रवर्द्धन, सम्पर्क सञ्जाल विस्तार तथा त्रिदेशीय पर्यटनको नयाँ आयाम उजागर गर्ने महत्त्वपूर्ण मञ्च बन्ने विश्वास व्यक्त गरे ।

पोखरा महानगरपालिकाका नगरप्रमुख धनराज आचार्यले पोखरामा हुने कार्यक्रमले पोखराको पर्यटन उल्लेखनीयरूपमा प्रवर्द्धन हुने बताए । नेपाल पर्यटन बोर्डका सिइओ दीपकराज जोशीले दुई ठूला पर्यटन स्रोतबजारका क्रेता र विक्रेतालाई जोडेर पर्यटकीय गतिविधि र अनुभव आदानप्रदान गर्ने सो कार्यक्रम पर्यटन प्रवर्द्धनको महत्त्वपूर्ण माध्यम बन्ने विश्वास व्यक्त गरे ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले नाइस कार्यक्रमलाई विशेष र प्रभावकारी बनाउन सबैको सक्रियता आवश्यक रहेको बताए ।

# भक्तपुरमा १५१ एचआइभी एड्स सङ्क्रमित, देशभर ३० हजार

भक्तपुर, १६ मङ्सिर/रासस

भक्तपुरमा १५१ एचआइभी सङ्क्रमित छन् । ३७औं विश्व एड्स दिवसका अवसरमा स्वास्थ्य कार्यालय, भक्तपुरका प्रमुख शान्तिराम खतिवडाले यहाँ १५१ एचआइभी सङ्क्रमित उपचाररत रहेको बताए ।

उनले नेपालमा एचआइभी एड्सको अवस्थाबारे जानकारी गराउँदै सन् २०२३ को अन्तिमसम्म नेपालमा ३० हजार तीन सय व्यक्ति एचआइभी सङ्क्रमित रहेको बताए ।

सन् २०३० सम्ममा नेपालमा एड्सलाई अन्त्य गर्ने परिकल्पना गरिएको छ ।



**उड्दै गरेको मैना चराको झुन्ड:** कञ्चनपुरको लालझाडी गाउँपालिकाको कञ्जमा आकाशमा उडिरहेको मैना चराको झुन्ड । सानैदेखि मैना चरीलाई घरमा पालेमा मानिसको जस्तै नक्कल गरेर बोल्ने गर्छ । तस्बिर: राजेन्द्रप्रसाद पनेरु/रासस

# नेप्से परिसूचक नौ दशमलव ९९ अङ्कले घट्यो

काठमाडौं, १६ मङ्सिर


यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक घटेको छ। आज परिसूचक नौ दशमलव ९९ अङ्कले घटेर दुई हजार ७३८ दशमलव शून्य छको बिन्दुमा कायम भएको हो । आज ३१४ कम्पनीका एक करोड ६७ लाख ६७ हजार १६८ कित्ता शेयर ८२ हजार ६०२ पटक खरीद-बिक्री हुँदा रु आठ अर्ब ८३ करोड २२ लाख २५ हजार ८९२ बराबरको कारोबार भएको छ ।

व्यापार समूह नौ दशमलव शून्य सात, विकास बैंक समूह चार दशमलव ५२ र होटल तथा पर्यटन समूह शून्य दशमलव ३० प्रतिशतले बढेका छन् भने अरू सबै समूहका उपसूचक घटेका छन्। सबैभन्दा बढी वित्त समूह दुई दशमलव ९६ प्रतिशतले घटेको छ ।

बैंकिङ एक दशमलव ४७, जलविद्युत् एक दशमलव १४, लगानी एक दशमलव १५, जीवन बीमा एक दशमलव ३५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ५७, लघुवित्त शून्य दशमलव ९२, म्युचुअल फन्ड शून्य दशमलव २३, निर्जीवन बीमा शून्य दशमलव शून्य एक र अन्य समूह एक दशमलव ३५ प्रतिशतले घटेका छन् ।

पाँचवटा कम्पनीको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । विशाल बजार कम्पनी लिमिटेड, कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड, सिन्धु विकास बैंक लिमिटेड, ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड र सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो । जानकी फाइनान्स कम्पनी लिमिटेडको शेयर मूल्यमा भने आज नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा बढी एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडको रु ३४ करोड ३१ लाख ४९ हजार ७१७ बराबरको कारोबार भएको छ । त्यस्तै, कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी ङादी ग्रुप पावर लिमिटेडको पाँच लाख आठ हजार ३४१ कित्ता शेयर किनबेच भएका छन् ।




# चक्रवात ‘फेङ्गल’को आंशिक प्रभाव

काठमाडौं, १६ मङ्सिर/रासस

हाल देशमा पश्चिमी वायुको सामान्य तथा बङ्गालको खाडीमा रहेको चक्रवात ‘फेङ्गल’को आंशिक प्रभाव रहेको जनाउँदै जल तथा मौसम विज्ञान विभागले देशभर मौसम सफा रहेको बताएको छ। साथै तराईका केही स्थानमा हुस्सु लागेको छ।

विभागका अनुसार आज दिउँसो कोशी, मधेस, गण्डकी र कर्णाली प्रदेशका पहाडी भागमा आंशिक बदली रही बाँकी भागमा मौसम सफा रहेको छ। गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भेगका एक/दुई स्थानमा हल्का हिमपातको भएको छ।

त्यसैगरी, आज राति कोशी, गण्डकी र कर्णाली प्रदेशका पहाडी भागमा आंशिक बदली रही बाँकी भागमा मौसम सफा रहनेछ । गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका एक/दुई स्थानमा हल्का हिमपातको सम्भावना छ ।

आगामी २४ घण्टामा गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका एक/दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको जनाउँदै विभागले ती स्थानमा पर्यटन तथा पर्वतारोहणमा आंशिक असर पर्न सक्ने भएकोले सतर्क रहन अनुरोध गरेको छ।

# स्कोरपियोको ठक्करबाट मृत्यु

प्रस, गोलबजार, १६ मङ्सिर/

स्कोरपियोको ठक्करबाट एकजना सशस्त्र प्रहरी नायब निरीक्षकको मृत्यु भएको छ ।

गश्तीमा रहेका सशस्त्र प्रहरी नायब निरीक्षक ४८ वर्षीय लक्ष्मणप्रसाद यादवको आज नेपाल-भारत सीमा नजीक बिहान मृत्यु भएको हो। ठक्करबाट घाइते यादवलाई तत्काल प्रादेशिक अस्पताल लहान लगे पनि अस्पतालले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक वीरेन्द्र पासवानले नम्बर नखुलेको स्कारपियोले ठक्कर दिई भारततर्फ भागेको र गाडीको खोज भइरहेको बताए। सशस्त्र प्रहरी सिराहाका प्रमुख प्रउ नरेश भण्डारीले जनपद र सशस्त्र प्रहरीको संयुक्त टोलीलाई देखेर भाग्ने क्रममा स्कोरपियोले ठक्कर दिएको बताए। स्कोरपियोले मदिरा बोकेको सूचना प्राप्त भएको तर स्कोरपियो फेला नपरेको उनले बताए।


# भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरूबाट तपसिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाइ भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लिखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियमबमोजिम कर्जा लिंदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने बेहोरासमेत जानकारी गराउँछौं । साथै तपसिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

**सूचना प्रकाशित मिति: २०८१/०८/१७**

**सम्बन्धित कार्यालयको नाम : कृषि विकास बैंक, शाखा कार्यालय, सखुवाप्रसौनी, पर्सा**

| क्र.सं. | ऋणी (व्यक्ति)को नाम, थर | ठेगाना | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | कर्जाको विवरण | | | धितो मन्जुरीनामा दिने/जमानत बस्नेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | साँवा | २०८१ मङ्सिर १३ गते सम्मको ब्याज रकम | जम्मा | | |
| १ | लक्ष्मी एन्ड आरोही (प्रो श्यामबाबूप्रसाद यादव) | बहुदरमाई-४, पर्सा | नागेन्द्रप्रसाद यादव | प्रसाद राउत अहिर | सरल कृषि कर्जा | ७९०२४४ | ५३५२४ | ८४३,७६८ | नागेन्द्रप्रसाद यादव | |
| २ | आस्था रेडिमेड सिलाइ उद्योग (प्रो अलि हसन मियाँ) | बसडिल्वा-७, पर्सा | सोबराती मियाँ | महमद हनिफ मियाँ | उद्योग कर्जा | ११३०००० | ६९०१९ | १,१९९,०१९ | हलिमा खातुन, नुरआलम मियाँ | |
| ३ | जर्नल मिर्जा बाख्रा फर्म (प्रो सिकन्दर मियाँ) | सोनवर्षा-७, पर्सा | मन्जुर मियाँ दर्जी | इस्माइल दर्जी | सरल कृषि कर्जा र पशुपक्षी कर्जा | १३४७०५९ | १०८३१६ | १,४५५,३७५ | मन्जुर मियाँ दर्जी | |
| ४ | रामायण राउत गद्दी | पिडारीगुठी-६, पर्सा | शहीद राउत गद्दी | बिर्छा राउत गद्दी | सरल कृषि कर्जा | १०००००० | ७०३२३ | १,०७०,३२३ | महमद हाबिल गद्दी | |
| ५ | चनरदेव राउत कुर्मी | औराहा-३, पर्सा | गोपाल राउत कुर्मी | मथुरा राउत कुर्मी | सरल कृषि कर्जा | १०८०००० | ३१३७० | १,१११,३७० | नवलकिशोरप्रसाद पटेल | |

**कृषि विकास बैंक लि.**, प्रदेश कार्यालय, वीरगंज

# रङरोगन र मङ्गलगानले सजिँदै मटिहानी

महोत्तरी, १६ मङ्सिर/रासस

महोत्तरी जिल्लाको धार्मिक नगरी मटिहानी यतिबेला रङ्गरोगन र मङ्गलगानले सजिएको छ। रामजानकी विवाह महोत्सव (विवाहपञ्चमी)का जन्तीलाई स्वागत गर्न मटिहानीका नागरिक तयारीमा जुटेका छन्। भोलि सोमवार जन्ती अयोध्याबाट जनकपुरधामको मटिहानी आएर रात्रि विश्राम गर्ने तालिका भएसँगै स्थानीय तयारीमा जुटेका हुन्।



अहिले मटिहानी नगरका पुरातात्त्विक महत्त्वका मठ, देवालय, तलाउ परिसर रङ्गरोगन गरिएर झकिझकाउ बनाइएका छन्। मुलुकभरिका मठहरूको नायक मानिने लक्ष्मीनारायण मठ, लक्ष्मीनारायण मन्दिर परिसर र रामजानकीको विवाहमा वेदी बनाउन माटो खनिएको विश्वास गरिने लक्ष्मीसागर तलाउ वरपर रङ्गरोगन र सजावटले झकिझकाउ बनेको हो। नगरका चोकचोकमा रामजानकी विवाहको तयारीमा मङ्गलगान गुञ्जिरहेका छन्।

'आजु मिथिला सुमङ्गल हे,
मङ्गल आजु मिथिला,
अति मन भावन हे !
आहे, मङ्गल दुलहा-दुलही ना...
परम सुहागन हे...!'

अर्थात् आज मिथिला खुशी र उत्सवमय छ। आज मिथिला सबैको मनमा बस्ने सुन्दर र सुमधुर बनेको छ। हाम्रा दुलहा-दुलही (श्रीराम र जानकी) कहिल्यै नटुट्ने, नछुट्ने अति सुन्दर जोडी बन्दैछन्।

यसैगरी, यहाँ गुञ्जिएका मङ्गलगानले त्रेतायुगमा भएको रामसीता विवाहको झलक दिने गरेको छ।

'मङ्गल मिथिला नगरियामें,
चहुदिस मङ्गल हे,
आहे, झुमे न भूसकल जगत्,
आहे, मगन धरातल हे !!

अर्थात् जताततै हर्षबढाइँ छ, मिथिलामा। चारैतिर खुशियाली छ। यो खुशीमा सारा भूमण्डल आज मस्त छ, पूरै धरातल खुशीले मग्न छ।

यहाँ अहिले गुञ्जिरहेका गीतले रामजानकीको विवाहको झल्को दिने गरेको मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालय (मटिहानी गुरुकुल)का प्रधानाध्यापक ईश्वरी पौडेलले बताए। सोमवार मटिहानी आइपुग्ने जन्तीको स्वागतका लागि नगरवासी तयारीमा व्यस्त देखिन्छन्। "मिथिलामा सबै शुभकार्यमा गीतको महत्त्वपूर्ण स्थान छ। त्यसमा पनि विवाहका प्रत्येक विधिसँग गीत जोडिएका हुन्छन्। अतिथि र जन्ती स्वागतमा पनि मिथिलानी (मिथिलाका नारी) गीतबाट अहोभाव व्यक्त गर्छन्," उनले भने।

'करू स्वागत सब हिलीमिली हे,
पाहुन ऐला आँगन !
धन्य भेलै मोरा गामके,
आजु नैन जुरागेलै हे !!'

अर्थात् सबैजना मिलेर स्वागत गरौं आज आँगनमा पाहुना आउनुभएको छ। आज धन्य भयो हाम्रो नगर, तपाईंहरूलाई यो आँखाले देख्न पाएको छ।

मटिहानीमा भोलि आउने जन्तीको स्वागत, खानपान र आवासलगायत सुविधाको उचित व्यवस्थापन गर्न नगरवासी सक्रियताका साथ तयारीमा व्यस्त छन्। "हाम्रो संस्कार र संस्कृतिमा अतिथिलाई अहोभावबाट स्वागत गर्ने परम्परा छ, त्यसमा पनि मर्यादा पुरुषोत्तम श्रीरामको जन्ती आउने शुभ अवसरमा स्वागत गर्न पाएका छौं, हामी जन्तीको स्वागतका लागि आतुर छौं," मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डलले भने, "अतिथिलाई स्वागत गर्नु हाम्रो विशिष्ट र स्थापित संस्कृति हो।"

मटिहानीमा अहिले जन्ती प्रवेश गर्ने नेपालतर्फको प्रवेशद्वारदेखि स्वागत तोरण सजाइएका छन्। श्रीराम र जानकीको विवाहका जन्ती मिथिला क्षेत्रका अतिविशिष्ट अतिथि हुने भएकाले उनीहरूको स्वागत, खानपान र आवासमा कुनै त्रुटि नदेखियोस् भनेर तयारीलाई तीव्र र व्यवस्थित पारिएको नगरप्रमुख मण्डलले बताए।

रामजानकी विवाह महोत्सवका लागि प्रत्येक पाँच/पाँच वर्षमा साजसज्जाका साथ अयोध्याबाट जन्ती आउने परम्परा रहेको लक्ष्मीनारायण मठका सन्त डा रवीन्द्रदास वैष्णले बताए। यस वर्ष उक्त अवसर परेकाले यहाँ उत्सव छाएको उनको भनाइ छ।

मटिहानीमा एक दिनको विश्रामपछि जन्ती जलेश्वर र पिपरा हुँदै जनकपुर प्रस्थान गर्ने चलन रहेको मठका सन्त डा वैष्णले जानकारी दिए। यस अनुसार महोत्तरीका जलेश्वर र पिपरामा पनि जन्तीको स्वागत गर्न स्थानीय तयारी अवस्थामा बसेका छन्।

मङ्गलवार बिहान मटिहानीबाट जलेश्वर पुग्ने जन्तीलाई जलेश्वरनाथ महादेवको दर्शन गराएर खाजा खुवाउने तयारी छ। जन्तीले दिवा भोजन पिपरामा गर्ने जनाउँदै उनले ती दुवै स्थानमा सम्बन्धित क्षेत्रमा विशेष तयारी भइरहेको उनले बताए।

पिपरापछि जन्ती जनकपुर प्रस्थान गर्नेछन्। त्यहाँ जन्ती जानकी मन्दिरका अतिथि बनेर विवाह महोत्सवमा सामेल हुनेछन्। यस वर्षका लागि मङ्सिर २१ गते शुक्रवार रामजानकी विवाहको दिन परेको मठका सन्त डा वैष्णले जानकारी दिए। मङ्सिर शुक्ल पञ्चमी तिथिका दिन रामजानकीको विवाह भएको सम्झनामा बर्सेनि यो महोत्सव मनाइँदै आइएको उनको भनाइ छ।

सप्ताहव्यापी मनाइने यो महोत्सव जनकपुरधाममा आजदेखि शुरू भएको छ। अयोध्याका राजकुमार श्रीराम, भाइ लक्ष्मण र गुरु विश्वामित्रका साथ जनकपुर आइपुगेको सम्झनामा महोत्सवको पहिलो दिन 'जनकपुर नगर दर्शन'को परम्परा रहेको संस्कृतिका जानकार बताउँछन्। आज मिथिलाञ्चलसहित जनकपुरमा यही उत्सव मनाइँदैछ।

यसैगरी, क्रमशः भोलि फूलबारी लीला, मङ्गलवार धनुषयज्ञ, बुधवार तिलकोत्सव, बिहीवार मटकोर, शुक्रवार विवाह र शनिवार रामकलेवा उत्सव मनाउने गरिन्छ। सप्ताहव्यापी यस महोत्सवमा फूलबारी लीला जनकपुरमा अचानक बगैंचामा डुल्दै पुगेका रामलक्ष्मणसँग सीताको आमनेसामने भएको कथा वर्णित छ।

यसैगरी, तिलकोत्सवमा राजा जनकबाट वरपूजन र वस्त्र-आभूषण भेट, मटकोरमा विवाहको यज्ञवेदी बनाइने र कुलदेवता पूजन तथा रामकलेवामा जन्ती बिदाइका कार्यक्रम गरिने लक्ष्मीनारायण मठका सन्त डा वैष्णले जानकारी दिए।

# स्थानीय तह उपनिर्वाचन : करिब ६२ प्रतिशत मतदान

काठमाडौं, १६ मङ्सिर/रासस

स्थानीय तहमा रिक्त विभिन्न ४१ पदका लागि आइतवार भएको निर्वाचनमा करीब ६२ प्रतिशत मत खसेको छ।

उपनिर्वाचन भएका स्थानीय तह तथा वडाको अन्तिम मतदाता नामावलीमा दुई लाख २६ हजार ७९९ मतदाता रहेकामा हालसम्मको प्राप्त विवरण अनुसार करीब ६२ प्रतिशत मतदान भएको निर्वाचन आयोगका प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिइन्।

उपनिर्वाचनमा नगरपालिका प्रमुख एक, उपप्रमुख एक, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार र वडाध्यक्ष ३३ पदका लागि आज मतदान भएको हो। उपनिर्वाचन प्रयोजनका लागि २५ राजनीतिक दल दर्ता भएकामा २० राजनीतिक दलका तर्फबाट उम्मेदवारी परेको थियो।

बिहान ७ बजेदेखि शुरू भएको निर्वाचन अपराह्न ५ बजेसम्म सबै निर्वाचनस्थल केन्द्रमा शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको आयोगले जनाएको छ। यो उपनिर्वाचनमा विभिन्न २० राजनीतिक दल र स्वतन्त्र गरी ३७६ उम्मेदवार प्रतिस्पर्धामा छन्। मतपेटिका सुरक्षितरूपमा सङ्कलन भएपछि मतगणना प्रारम्भ गर्न निर्देशन दिइएको आयोगले जनाएको छ।

निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गराउने कार्यमा सहयोग, समन्वय र सहकार्यका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहसहित सबैलाई आयोगले आभारसहित धन्यवाद ज्ञापन गरेको छ।



मतदान गरेर फर्किँदै १०२ वर्षीय गोविन्द लामिछाने।



**जोखिमपूर्ण मुस्ताङको यात्राः** मुस्ताङ जाँदा अझै पनि कतिपय सडकखण्ड जोखिमपूर्ण छन्। बेनी-जोमसोम- कोरोला राष्ट्रिय राजमार्ग स्तरवृद्धि गर्न लागेको समयसीमा नाघिसक्दा पनि केही खण्ड अझै जोखिमपूर्ण नै छन्। म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ देखि मुस्ताङको थासाङ गाउँपालिका-४ काभ्रे भीरनजीकैको यो सडकखण्ड शर्मा/गजरमुखी जेभीले जिम्मा पाएको छ। तस्बिरः सुशील थकाली/रासस

## फरक समाचार

# चीसोमा लाग्ने पाँचवटा रोग

चीसोको मौसम शुरू भइसकेको छ। बदलिंदो मौसममा रोगको प्रकोप पनि बढ्ने गर्छ। यस्तोमा चीसोबाट बच्न स्वेटर र न्यानो कपडा प्रयोग गर्नुपर्छ। साथै आहारविहारमा पनि परिवर्तन गर्नुपर्छ। भारत नोएडाका इन्टिग्रेटिड चिकित्सक डा सञ्जयकुमार वार्ष्णेयका अनुसार चीसो मौसममा पाँच रोग लाग्ने सम्भावना बढिरहन्छ।



**जोर्नी दुखाइः** चीसोमा जोर्नीको दुखाइको समस्या हुन्छ। जो व्यक्तिलाई अर्थराइटिसको समस्या छ तथा वृद्धवृद्धाहरूलाई यो रोग चीसोमा लाग्ने गर्छ। जोर्नी दुखाइ भएपछि कमजोरी, जोर्नीमा जकडन हुने, जोर्नी चट्किनु, हात, घाँटी, काँध, घुँडामा तीव्र दुखाइ हुने गर्छ। यसबाट बच्नको लागि घाममा बस्ने, जैतुन तेलबाट मालिस गर्नुपर्छ।

**कान सङ्क्रमणः** चीसोमा कान सङ्क्रमण हुने खतरा बढी हुन्छ। यसको साथै कान दुख्ने, चिलाउनेजस्ता समस्या हुन्छन्। तसर्थ जाडोमा कान ढाकेर राख्नुपर्छ।


**छालामा रूखापनः** चीसो मौसममा त्वचामा रूखापन हुने सामान्य समस्या हो। साधारणतया शरीरको जुन भाग खुला रहन्छ, त्यहाँ यस प्रकारको समस्या बढी हुन्छ। चीसो हावाबाट बच्ने, बढी तातोपानीले नुहाउनुहुँदैन। छालामा राम्रो क्रिम र बडी लोशन लगाउनुपर्छ।

**ज्वरोः** यस मौसममा ज्वरो आउनु सामान्य कुरा हो। तसर्थ न्यानो कपडा लगाउनुपर्छ। मोटरसाइकल चलाउने व्यक्तिले विशेष ध्यान दिनुपर्छ। खाना खानुभन्दा पहिले साबुन-पानीले हात धुनुपर्छ। ताजा खानेकुरा खाने र बासी खानेकुरा खानुहुँदैन।

**निमोनियाः** निमोनियाको मुख्य कारण चीसो लाग्नु हो। यो कुनै पनि उमेर समूहलाई हुन सक्छ। तर बढीजसो बच्चालाई लाग्छ। ब्याक्टेरियाबाट हुने यो सङ्क्रमणको समयमा उपचार भएन भने ज्यानसमेत जान सक्छ। खानपान र जीवनशैलीमा परिवर्तन गरेर यो रोगबाट बच्न सकिन्छ।

# चीसोमा १० मिनेट घाम अवश्य तापौं

जाडोको मौसममा घाममा बस्दा शरीरमा गर्मी मात्र होइन, थुप्रै फाइदा हुन्छ। घाम हाम्रो स्वास्थ्यको लागि निकै जरुरी हुन्छ। घामबाट भिटामिन डी पाइन्छ र यसले शरीरको रोग प्रतिरोधक क्षमतालाई बढाएर रोगबाट लड्न मदत गर्छ। प्रतिदिन केही समय घाम ताप्नुपर्छ।



सूर्यको किरण हाम्रो शरीरको सम्पर्कमा आएपछि भिटामिन डीको निर्माण गर्छ। जाडोको समयमा घाममा पर्याप्त मात्रामा भिटामिन डी पाइन्छ, जसबाट हाड मजबूत हुने र स्वस्थ रहन्छ।

घामले हाम्रो प्रतिरोधक क्षमता बढाउँछ, जसले गर्दा विभिन्न प्रकारका रोग र सङ्क्रमणसँग मुकाबला गर्न सक्छौं। त्यस्तै, घाममा बस्दा शरीरबाट इन्डोर्फिन्स नामक हामोन श्राव हुन्छ, जसले हाम्रो व्यवहार राम्रो बनाउन मदत गर्छ। यो हार्मोनले शरीर र दिमागलाई आराम पुऱ्याउँछ। तनाव कम गर्न सहायक हुन्छ। मन शान्त र प्रसन्न हुन्छ।

घाममा एन्टिब्याक्टेरियल गुण हुन्छ, जसले चायापोतो नष्ट गर्न मदत गर्छ। व्यायामका साथै घाम ताप्दा वजन कम गर्न सकिन्छ। किनभने यसबाट हाम्रो क्यालोरी नष्ट हुन्छ। बिहान ८ बजेभन्दा पहिले घाम ताप्नुपर्छ। यस समय केवल १० मिनेट घाम ताप्दा पनि शरीरमा थुप्रै फाइदा पुग्छ।

# मोबाइलमा हिंड्दै कुराकानी गर्नुहुन्छ

मोबाइलको कारण नै हामी कसैसँग पनि कुराकानी गर्न सक्छौं। कसैकसैले हिंड्डुल गर्दै मोबाइलमा घण्टौं कुराकानी गर्छन्। यदि तपाईं पनि यस्तो गर्नुहुन्छ भने सतर्क रहनुहोला। मोबाइलबाट रेडिएशन निस्किन्छ। विज्ञका अनुसार मोबाइललमा हिंड्डुल गर्दै कुराकानी गर्दा क्यान्सरजस्तो रोगको जोखिम बढ्न सक्छ। त्यस्तै एक ठाउँमा बसेर मोबाइलमा कुराकानी गर्नेहरूमा क्यान्सरको जोखिम कम रहन्छ।




हिंड्डुल गर्दै कुराकानी गर्दा मोबाइलले लगातार सिग्नल खोज्नुपर्छ। कहिले त्यो सिग्नलसँग विच्छेद हुन्छ भने कहिले जोडिन्छ। यस कारण फोनबाट हाई लेभलको रेडिएशन निस्किन्छ, जसले गर्दा क्यान्सरजस्तो रोगको जोखिम रहन्छ। विज्ञ अनुसार लामो समयसम्म रेडिएशनको सम्पर्कमा रहनाले थुप्रै रोग लाग्ने जोखिम रहन्छ। विज्ञका अनुसार मोबाइल फोन रेडियो फ्रिक्वेन्सी तरङ्गको रूपमा इलेक्ट्रोमैग्नेटिक रेडिएशन उत्सर्जन गर्छ। यस तरङ्गको सम्पर्कमा धेरै बेर रहनाले क्यान्सरसहित थुप्रै रोगको खतरा बढ्छ। हिंड्दै मोबाइलमा गफ गर्दा दुर्घटनाको शिकार पनि हुन सकिन्छ। त्यस्तै, मोबाइलको स्क्रिनमा लामो समयसम्म हेर्दा आँखामाथि नराम्रो असर पर्छ र निद्रा प्रभावित हुन्छ। किनभने मोबाइलको स्क्रिनबाट ब्लुलाइट निस्किन्छ, जसले मेलाटोनिनको उत्पादनमा रूकावट उत्पन्न गर्छ। मेलाटोनिन राम्रो निद्राको लागि एउटा जरुरी हार्मोन हो। - प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## फेङ्गल आँधीका कारण भारतमा तीनजनाको मृत्यु

बङ्गलुरु, भारत, १६ मङ्सिर/एएफपी

भारतको दक्षिणी तटीय क्षेत्रमा आएको न्यूनस्तरीय चक्रवातजन्य दुर्घटनाका कारण कम्तीमा तीनजनाको



मृत्यु भएको छ । आँधीबाट भौतिक संरचनामा व्यापक क्षति भने नभएको अधिकारीहरूले बताएका छन् ।

फेङ्गल नाम दिइएको चक्रवात शनिवार अबेर राति ७० देखि ८० किलोमिटर प्रतिघण्टा (४३–५० माइल प्रतिघण्टा) को गतिमा तमिलनाडू राज्यको तटीय क्षेत्रमा अवतरण गरेको थियो ।

तमिलनाडू राज्यका विपद् व्यवस्थापनमन्त्री केकेएसएसआर रामचन्द्रनले शनिवार राति चेन्नईमा आएको आँधीका कारण तीनजनाको मृत्यु भएको र उनीहरूको करेन्ट लागेर मृत्यु भएको जानकारी दिए ।

तर आँधीबाट भएको अन्य क्षति भने 'न्यून' रहेको उनले बताए ।

'द टाइम्स अफ इन्डिया'ले मृतकको सङ्ख्या चार रहेको उल्लेख गर्दै आँधीका कारण कतिपय क्षेत्रमा बाढी आएको र रूखहरू ढलेका तर अनुमान गरिएभन्दा कम क्षति भएको उल्लेख गरेको छ ।

उत्तरी एटलान्टिक महासागरमा आँधीबेहरी वा उत्तर–पश्चिमी प्रशान्त महासागरमा आँधीबेहरी र आँधीजन्य मौसमी विपत् यस क्षेत्रका बस्तीहरूका लागि एउटा नियमित र घातक जोखिम हो ।

यो आँधी आइतवारपछि बिस्तारै कमजोर हुँदै जाने अनुमान गरिएको छ भने भारतको मौसम विज्ञान विभागले भारतको दक्षिणी क्षेत्रमा भारी वर्षा हुने चेतावनी दिएको छ ।

विभागले आँधीको जोखिम रहँदासम्म समुद्रमा माछा मार्ने वा अन्य गतिविधिबाट टाढा रहन स्थानीयलाई सुझाव दिएको छ भने केही क्षेत्रमा 'मध्यमदेखि उच्च बाढी'को जोखिम रहेको बताएको छ ।

फेङ्गल यसै साताको शुरूमा श्रीलङ्काको समुद्री तटमा अवतरण हुँदा छ बालबालिकासहित कम्तीमा १२ जनाको मृत्यु भएको थियो ।

जीवाश्म इन्धनको प्रयोगले हुने जलवायु परिवर्तनका कारण विश्वव्यापी तापमान वृद्धिसँगै शक्तिशाली आँधीबेहरीजन्य विपत् अझ बढ्न थालेको वैज्ञानिकहरूले चेतावनी दिएका छन् ।

समुद्रको तातो सतहले बढी जलवाष्प छोड्छ, जसले आँधीबेहरीलाई अतिरिक्त ऊर्जा प्रदान गर्दछ र शक्तिशाली हावाहुरीमा परिणत गर्छ ।

राम्रो पूर्वानुमान र प्रभावकारी उद्धार योजनाले आँधीका कारण नाटकीयरूपमा हुने मृत्युको सङ्ख्यामा भने कमी ल्याएको छ । रासस

## एफबिआईको नेतृत्व काश पटेललाई दिने अमेरिकी राष्ट्रपति निर्वाचित ट्रम्पको घोषणा

वाशिङ्टन, १६ मङ्सिर/एएफपी

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना विश्वासपात्र काश पटेललाई सङ्घीय अनुसन्धान विभाग (एफबिआई)को नयाँ निर्देशक बनाउने लक्ष्य राखेको बताएका छन् ।

ट्रम्पले ब्युरोका वर्तमान गतिविधिको आलोचना गर्दै आएका र तथाकथित सरकारी 'डीप स्टेट'का आलोचक आफ्ना पूर्वसल्लाहकारसमेत रहेका पेन्टागनका अधिकारीलाई एफबिआई निर्देशक बनाउन लागेको उनको आफ्नै लगानीको सामाजिक सञ्जाल 'ट्रुथ सोसल' नेटवर्कमा उल्लेख गरेका छन् ।

एफबिआईका वर्तमान निर्देशक क्रिस्टोफर रेलाई सन् २०१७ मा १० वर्षे कार्यकालका लागि नियुक्त गरिएको थियो ।

ट्रम्पले नियुक्त गरेका रेको नेतृत्वमा एफबिआईले राष्ट्रपति निर्वाचित ट्रम्पमाथि समेत अनुसन्धान गरेको छ ।

ट्रम्पले ट्रुथ सोसलमा लेखेका छन्– "काश प्रतिभाशाली वकिल, अन्वेषक र 'अमेरिका फर्स्ट' अभियानका अभियन्ता हुनुहुन्छ । उहाँले आफ्नो सेवा भ्रष्टाचारको पर्दाफाश गर्न, न्यायका लागि र अमेरिकी जनताको रक्षा गने कार्यमा लगानी गर्नुभएको छ ।"

ट्रम्पका कट्टर समर्थक पटेलले ट्रम्पलाई पर्दा पछाडिबाट दबाउने काम गर्ने कथित पक्षपाती सरकारी नोकरशाहहरूको ट्रम्प विरोधी 'डीप स्टेट' को रिपब्लिकन कट्टरपन्थी धारणाको समर्थन गर्छन् र यस विषयमा एउटा पुस्तकसमेत लेखेका छन् ।

भारतीय मूलका पटेलले ट्रम्पको पहिलो कार्यकालमा राष्ट्रिय सुरक्षा सल्लाहकार र कार्यवाहक रक्षामन्त्रीको चिफ अफ स्टाफका रूपमा काम गरेका थिए ।

"काशले मेरो पहिलो कार्यकालमा अविश्वसनीय काम गर्नुभएको छ"–ट्रम्पले भनेका छन्–"उहाँले अमेरिकामा बढ्दो अपराध महामारीको अन्त्य गर्न, आप्रवासी आपराधिक गिरोहलाई ध्वस्त पार्न र सीमापार मानव र लागूपदार्थ तस्करीको दुष्ट अभिशाप रोक्न काम गर्नुहुनेछ ।"

ट्रम्पले एफबिआईका पूर्वनिर्देशक जेम्स कोमीलाई बर्खास्त गरेपछि कार्यवाहक निर्देशकको स्थानमा ट्रम्पले आफ्नो पहिलो कार्यकालमा रेलाई एफबिआईको प्रमुख नियुक्त गरेका थिए ।

पूर्वराष्ट्रपति ट्रम्पको रूससँगको विस्तृत सम्बन्धबारे कोमीको नेतृत्वमा एफबिआईले गरेको अनुसन्धानबाट ट्रम्पलाई कोमीविरुद्ध आक्रोशित बनाएको थियो ।

रेको नेतृत्वमा एफबिआईले ट्रम्प स्वयंले सन् २०२२ मा उनको 'मार–ए–लागो एस्टेट'मा गैरकानूनीरूपमा गोप्य कागजात राखेको आरोपमा अनुसन्धान गरेको थियो ।

ट्रम्पले सन् २०२१ को जनवरी ६ मा अमेरिकी संसद् भवनमा हिंसात्मक आक्रमण गर्ने आफ्ना सयौं समर्थकको अनुसन्धानसहित ब्युरोको अनुसन्धानको लामो समयदेखि विरोध गर्दै आएका छन् ।

सिएनएनलाई दिएको बयानमा एफबिआईले भनेको छ–"रेको ध्यान एफबिआईका पुरुष र महिला, हामीसँग काम गर्ने व्यक्ति र हामीले काम गर्ने व्यक्तिहरूमा केन्द्रित भएको छ ।"

ट्रम्पले फ्लोरिडाका शेरिफ चाड क्रोनिस्टरलाई ड्रग इन्फोर्समेन्ट एडमिनिस्ट्रेसन (डिइए) को प्रशासक मनोनीत गरेका छन् ।

उनले ट्रुथ सोसलमा लेखेका छन्– "चाडले हाम्रा महान् महान्यायाधिवक्ता पाम बोन्डीसँग सीमा सुरक्षित गर्न, फेन्टानिल र अन्य अवैध लागूपदार्थको प्रवाह रोक्न र अमेरिकी नागरिकको जीवन सुरक्षाका लागि काम गर्नेछन् ।

ट्रम्पका कट्टर सहयोगी तथा फ्लोरिडाका पूर्व महान्यायाधिवक्ता बोन्डी न्याय विभागको नेतृत्वका लागि अमेरिकी राष्ट्रपति निर्वाचित ट्रम्पको छनोट हुन् ।

एफबिआई न्याय विभागको अनुसन्धान शाखा हो भने डिइए पनि यसको क्षेत्राधिकारभित्र पर्छ ।

बोन्डी र पटेलको नियुक्तिले ट्रम्पले आफ्नो दृष्टिकोण र नीतिगत झुकाव पूरा गर्न इच्छुक निकटस्थहरूलाई नियुक्त गर्ने व्यक्तिहरूको सूचीमा राख्न इच्छुक रहेको सङ्केत गर्दछ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – रोगभय | वृष – व्यापारवृद्धि |
| मिथुन – कडापरिश्रम | कर्कट – कार्यनाश |
| सिंह – भयचिन्ता | कन्या – राज्यलाभ |
| तुला – कान्तिक्षय | वृश्चिक – सुयश |
| धनु – अपव्यय | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**लटरम्म फलेका सुन्तला:** सिन्धुलीको गोलन्जोर गाउँपालिका–४ माझकुभिन्डेस्थित एक किसानको घरअगाडि लटरम्म फलेका सुन्तला । यतिबेला यहाँ सुन्तला पाकेर बगैंचा नै पहेंलपुर भएको छ । तस्बिर: राधिका बुढाथोकी/रासस

## फार्मेसीमा अनिवार्य पोशाक र परिचयपत्र लागू गरिंदै

काठमाडौं, १६ मङ्सिर/रासस

नेपाल फार्मेसी परिषद्ले आगामी पुस ४ गतेदेखि 'फर्मासिस्ट'लाई अनिवार्य पोशाक र परिचयपत्रको व्यवस्था लागू गर्ने भएको छ । उक्त व्यवस्था लागू गर्न स्वास्थ्य तथा जनसङ्या मन्त्रालयले आवश्यक सहयोग गर्ने जनाएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलको आग्रह बमोजिम परिषद्ले पहिलो चरणमा फर्मासिस्टको पहिचान खुलाउन पोशाक अनिवार्य गर्ने निर्णय गरेको थियो । परिषद्ले फर्मासिस्ट तथा सहायकका लागि सेतो एप्रोनसहितको पोशाक र पोशाकमैं परिचयपत्र अनिवार्य गर्ने जनाएको छ । कुनै पनि सामुदायिक फार्मेसी वा अस्पताल फार्मेसीमा औषधि वितरणमा कार्यरत फर्मासिस्टले एप्रोनसँगै हरियो पृष्ठभूमिमा सेतो रङको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बर तथा फार्मेसी सहायकले नीलो पृष्ठभूमिमा सेतो रङको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बर अनिवार्य राख्नुपर्ने निर्णय आगामी पुस ४ गतेदेखि लागू हुँदैछ ।

यस निर्णयले औषधि बिक्री वितरणमा आधिकारिक व्यक्ति मात्र



संलग्न हुने र कुनै कैफियत देखिएमा कारबाही गर्न सहयोग पुग्ने परिषद्का रजिस्टार सञ्जीवकुमार पाण्डेले बताए । मन्त्री पौडेलले यस व्यवस्थाको अनुगमन कडा गर्न आग्रह गर्दै मन्त्रालयले कार्यान्वयनका लागि सहयोग गर्ने प्रतिबद्धता जनाए । औषधि बिक्री वितरणलाई व्यवस्थित र नियमित बनाउन मन्त्री पौडेलले औषधि व्यवस्था विभागलाई अनुगमन बढाउन सजग गराएका छन् ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले परिषद्को निर्णय कार्यान्वयनमा सहयोग गर्न मन्त्रालयले पत्राचार गर्ने बताए । यसका अलावा औषधि बिक्री वितरणमा बेथिति देखिए, नदेखिएको अनुगमन गर्ने र दोषी देखिएमा एकैसाथ कारबाही गरिने उनले बताए । औषधिको मूल्य समायोजन गर्न गठित समितिले काम गरिरहेको छ । समितिको सुझाव अनुसार अधिकतम उपयोग हुने औषधिमा नागरिकलाई कम भार पर्नेगरी मूल्य समायोजन गर्ने मन्त्रालयको तयारी छ ।

### नेपाल राष्ट्र बैंक
वीरगंज कार्यालय

### तोडाचलानका लागि सवारीसाधन (बस, ट्रक तथा जीप) भाडामा लिनेबारेको पुन: तेस्रोपटक सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथमपटक प्रकाशित मिति : २०८१/०८/१७)

नेपाल राष्ट्र बौक, वीरगंज कार्यालयको कार्य क्षेत्र अन्तर्गतका नोट कोष/भारु कोष रहेका राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल बैंक लिमिटेडका तोकिएका शाखाहरूमा तथा नेपाल राष्ट्र बैंकका विभिन्न विभाग तथा कार्यालयहरूमा तोडाचलान (Fund Transfer) कार्यको लागि आवश्यक परेको बखत सवारीसाधन (बस, ट्रक तथा जीप) भाडामा लिनुपर्ने भएकाले सम्झौता भएको मितिबाट शुरू भई मिति २०८२ असार मसान्तसम्मका लागि सवारीसाधन (बस, ट्रक तथा जीप) भाडामा दिन इच्छुक कालोसूचीमा नपरेका फर्म/कम्पनीहरूबाट निम्न शर्तहरूको अधीनमा रही पुनः तेस्रोपटक सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र फाराम यस बैंकको वीरगंज कार्यालयबाट पछि फिर्ता नहुने गरी रु १,०००।०० (अक्षरेपि एक हजार मात्र) ना.नो.आ.हि. फुटकर अन्य आम्दानी हिसाब (१७०००००/०३०/०१२/५२४)मा मिति २०८१/०९/०१ गते मध्याह्न ०३:०० बजेभित्र नगद जम्मा गरी यस बैंकको वीरगंज कार्यालयबाट खरीद गर्न सकिनेछ ।
२. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १६औं दिन मिति २०८१/०९/०२ गते (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउँसो १२:३० बजेभित्र यस बैंकको वीरगंज कार्यालयमा सिलबन्दी दरभाउपत्र दाखिला गरिसक्नुपर्नेछ । यस कार्यालयबाट खरीद गरेको आधिकारिक दस्तखत र छाप भएको फाराममा सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ ।
३. बोलपत्र पेश गर्नुपूर्वको बैठक (प्री–बिड मिटिङ) मिति २०८१/०८/२३ गते (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउँसो ०२:०० बजे यस बैंकको वीरगंज कार्यालयमा आयोजना गरिनेछ ।
४. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १६औं दिन मिति २०८१/०९/०२ गते (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउँसो ०२:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस बैंकको वीरगंज कार्यालयमा दरभाउपत्र खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पुगेको मानिनेछैन ।
५. सिलबन्दी दरभाउपत्रका साथ बिड जमानतबापत रु २५,०००।( (अक्षरेपि पच्चीस हजार मात्र) यस बैंकको सन्ड्री क्रेडिटर्स धरौटी हिसाब (१७०९९९९/०११/००४/५२४) मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ दिन मान्य अवधि भएको सो रकम बराबरको यस बैंकको पक्षमा जारी गरेको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न हुनुपर्नेछ ।
६. सिलबन्दी दरभाउपत्रसम्बन्धी अन्य शर्तहरू दरभाउपत्र फाराम, सार्वजनिक खरीद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरीद विनियमावली, २०७१ (पाँचौं संशोधन, २०७९ समेत)मा उल्लेख भएबमोजिम हुनेछ ।
७. यस सम्बन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, वीरगंज कार्यालय, आन्तरिक प्रशासन फाँट (फोन नं ०५१ ५९११६६ एक्सटेन्सन ११४)मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।
८. यो सूचना बैंकको वेबसाइट www.nrb.org.np मा समेत प्रकाशित गरिएको छ ।

**नेपाल राष्ट्र बैंक**
**वीरगंज, पर्सा**

# नरेश सर्राफ स्मृति पुरस्कार पत्रकार पटेललाई प्रदान

प्रस, वीरगंज, १६ मङ्सिर/

नरेश सर्राफ स्मृति पत्रकारिता पुरस्कार पत्रकार मनोज पटेललाई प्रदान गरिएको छ। समाजवादी पत्रकार सङ्गठन नेपाल, पर्साले आयोजना गरेको २१ हजार राशिको सो पुरस्कार नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले आइतवार रेडियो वीरगंजमा आयोजित कार्यक्रमबीच पत्रकार पटेललाई प्रदान गरे।




कार्यक्रममा उनले सत्यतथ्यका आधारमा पत्रकारिता गर्न सुझाए। पछिल्लो समयमा विकसित विद्युतीय समाचारमाध्यमहरूले झूटा समाचारहरू पस्किएर विश्वसनीयता गुमाइरहेका कारण जिम्मेवार पत्रकारिता गर्न सुझाए। कार्यक्रममा उनले गलत र भ्रमित समाचारबाट आफू पनि पीडित बनेका घटनाहरू सुनाएका थिए।

फरक प्रसङ्गमा उनले राज्यसत्ता सञ्चालनकर्ताहरूको दोहोरो नीतिका कारण भ्रष्टाचार मौलाएको र जनताले सास्ती भोग्नुपरेको बताए। उनले कर्मचारी, सचिवदेखि मन्त्रीहरू सबै भ्रष्टाचारमा लिप्त बनेकाले देशमा सुशासन ल्याउन कठिन भएको बताए। उनले प्रधानमन्त्री केपी शर्मा ओलीको नाम नलिएर अहिलेको सरकार आफैं सबैथोक जान्ने बनेकोले ओरालो लाग्दै गरेको आरोप लगाए।

उनले राज्यसत्तामा रहेकाहरूले देशमा हुने विकास निर्माणलगायतका कार्यहरूको अनुगमन प्रणाली दरिलो नपारेका कारण नै भद्रगोल अवस्था सृजना भएको आरोप लगाउँदै अनुगमन प्रणालीलाई चुस्तदुरुस्त पार्न सुझाव दिएका थिए।

उनले अहिलेको सरकारको कार्यशैली निरङ्कुश भएको आरोप पनि लगाए। उनले पर्साका एकजना पत्रकारलाई प्रहरी लगाएर झूटा मुद्दामा फसाउने काम भएको बताए। भ्रष्टाचारको पोल खुल्ने डर, त्रासले झूटा मुद्दामा फसाउने प्रपञ्च रचिएको नेता नेपालले आरोप लगाए। उनले उक्त घटनाको सूक्ष्म जाँच गर्न माग गरे।

समाजवादी प्रेस सङ्गठन नेपालका अध्यक्ष विश्वमणि सुवेदीले दिवङ्गत पत्रकार सर्राफले प्रेसजगत्मा पुर्‍याएको योगदान सराहनीय भएको र उनको निधनले समाजमा अपूरणीय क्षति पुगेको बताए।

कार्यक्रममा नेकपा एकीकृत समाजवादीका नेताहरू रामचन्द्र साह, दिनेश राई, मनोज चौधरी, नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहान, मधेस प्रदेश महासचिव श्याम बञ्जारा, पर्सा शाखा उपाध्यक्ष युवराज खड्का, प्रेस चौतारी पर्साका अध्यक्ष तुलसी भण्डारी, प्रेस युनियन पर्साका अध्यक्ष विजय चौहान, प्रेस सेन्टर नेपाल, पर्साका अध्यक्ष दीपक गौतम, रेडियो वीरगंजका अध्यक्ष ध्रुव साह, फोटो पत्रकार पकङ्ग श्रेष्ठलगायतले मन्तव्य व्यक्त गरेका थिए।

समाजवादी प्रेस सङ्गठन, पर्साका अध्यक्ष शम्भुकुमार सुमनको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन श्याम सर्राफले गरेका थिए।

# फरार सूचीका चारजना पक्राउ

प्रस, वीरगंज, १६ मङ्सिर/

जिल्ला प्रहरी कार्यालय, बाराले विभिन्न मुद्दामा अदालतबाट दण्ड सजाय भएपछि फरार भएका चारजना अभियुक्तलाई पक्राउ गरी बारा जिल्ला अदालतमा पेश गरेको जनाएको छ।

जिप्रका बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले चोरी मुद्दामा पाँच हजार दण्ड र दुई महीना कैद सजाय भएपछि फरार सूचीमा रहेको निजगढ नगरपालिका–१ नमूनाबस्तीका चन्द्रबहादुर विक, चेक अनादर मुद्दामा एक हजार ५०० र दुई महीना कैद तथा सोही मुद्दामा तीन हजार जरिवाना र दुई महीना कैद सजाय तोकिएका महागढीमाई नपा–२ भञ्जिना निवासी भुपेन्द्र यादव र निजगढ नपा–८ का सन्तोष प्रसाद तथा संरक्षित हात्तीको दारा (आखेटोपहार ओसारपोसारमा) मुद्दामा पाँच वर्ष तीन महीना कैद र पाँच लाख जरिवाना आदेश भएपछि फरार सुचीमा रहेको निजगढ नपा–११ का सुकुमार गुरोलाई पक्राउ गरी आज अदालत पेश गरिएको थियो। अदालतको आदेशमा उनीहरूलाई कैद सजाय भुक्तानका लागि बन्दी सुधारगृह (वीरगंज कारागार) चलान गरिएको बताए।




**स्थायी अध्यापन ...**

उत्तीर्ण गर्ने र निजले स्थायी अध्यापन अनुमतिपत्र पाउनेछन्। यसको नतीजा हिजोको मितिले दुई महीनामा आउने बताइएको छ। मधेस प्रदेशमा निमावि तह स्थायी अध्यापन अनुमतिपत्र परीक्षामा देशभरका सात प्रदेश र ७६ जिल्लामा सबैभन्दा बढी सहभागिता रहेको आयोगले जनाएको छ।

**विश्व एड्स ...**

रणनीतिक योजना बनाएको र सोलाई सबैले मिलेर पूरा गरेको खण्डमा एचआइभीबाट मुक्ति पाउन सकिने बताए।

स्वास्थ्य कार्यालय, पर्साकी खुश्बु मिश्रले एड्सको लोगो रातो रिबनको बारेमा प्रकाश पारेकी थिइन्। उनले एचआइभी एड्सविरुद्ध एकदिने दिवस मनाएर मुक्ति नपाउने भन्दै यो क्षेत्रमा ३६५ दिन कार्य गर्न सुझाइन्।

**सङ्क्रमित बालबालिकालाई स्कूल ब्याग वितरण**

प्रस, वीरगंज/

वीरगंज महानगरपालिकाको छपकैयास्थित नयाँ जीवन विकास समाज र बारा प्लसको संयुक्त आयोजनामा नेपाल रेडक्रस सोसाइटी पर्साले आइतवार विश्व एड्स दिवसको अवसरमा एचआइभी सङ्क्रमित बालबालिकाहरूलाई कम्बल र स्कूल ब्याग वितरण गरेको छ।

३७औं विश्व एड्स दिवसको अवसरमा नेरेसो पर्साका प्रमुख वीरशम्शेर कुर्मीले सङ्क्रमित बालबालिकालाई कम्बल र स्कूल ब्याग वितरण गरेका थिए। कार्यक्रममा नेरेसो पर्साका उपकोषाध्यक्ष दयाशङ्कर सिंह, नेरेसो रेशमकोठीका युवा संयोजक अभिलाष गुप्ता, नयाँ जीवन विकास सेवा समाजका संयोजक जवाहर महरा, नीता फाउन्डेशनका दिलीपकुमार खड्का, वीरगंज महानगर स्वास्थ्य महाशाखाका सुनीलकुमार कुर्मी, जिल्ला स्वास्थ्य कार्यालय, पर्साका विजयकुमार साह, एएचएफकी रोशनी सर्राफ लगायतले ५३ जना सङ्क्रमित बालबालिकालाई सो सामग्री प्रदान गरेका थिए। कार्यक्रमको सहजीकरण बारा प्लसका कार्यक्रम संयोजक हुसेन अन्सारीले गरेका थिए।

# खेलकूदको संसार

## नेत्रहीन विश्वकप क्रिकेटः सेमिफाइनलमा नेपाल पाकिस्तानसँग पराजित

काठमाडौं, १६ मङ्सिर/रासस

नेत्रहीन टी–२० विश्वकप क्रिकेट प्रतियोगितामा नेपाल पाकिस्तानसँग पराजित भएको छ। पाकिस्तानको मुल्तान क्रिकेट रङ्गशालामा आइतवार भएको पहिलो सेमिफाइनल खेलमा नेपाल पाकिस्तानसँग १० विकेटले पराजित भएको हो। यस हारसँगै नेपालको फाइनल खेल्ने सपना समाप्त भएको छ।



नेपालले दिएको ९५ रनको सामान्य लक्ष्य पाकिस्तानले पाँच दशमलव तीन ओभरमा कुनै विकेट नगुमाइ पूरा गर्‍यो। विभिन्न छ देश सहभागी विश्वकपको लिग चरणबाट चौथो स्थानमा रहँदै नेपालले सेमिफाइनलको यात्रा तय गरेको थियो। लिग चरणको खेलमा पनि नेपाल पाकिस्तानसँग समान १० विकेटले पराजित भएको थियो। त्यसैगरी, नेपाल श्रीलङ्कासँग ७० र बङ्गलादेशसँग ६७ रनले पराजित भएको थियो भने अफगानिस्तालाई १०८ र दक्षिण अफ्रिकाकालाई ११ रनले हराएको थियो।

आजको जीतमा पाकिस्तानका लागि कमरान अख्तरले सर्वाधिक ६३ रनको योगदान दिए। उनले २१ बलमा १२ चौका र एक छक्काको मदतले सर्वाधिक ६३ रन बनाएका थिए। यसैगरी, बाबर अली ३२ रनमा अविजित रहे।

त्यस अघि पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै ९७ रनको योगफल तयार पारेको थियो। नेपालका लागि दुर्गादत्त पौडेलले सर्वाधिक ४० र रमेश बानियाँले अविजित १७ रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन्। पाकिस्तानका लागि माती उल्लाहले तीन र बाबर मुनरीले एक विकेट लिएका थिए।

## एशिया कप क्रिकेटः नेपाल बङ्गलादेशसँग पराजित

काठमाडौं, १६ मङ्सिर/रासस




संयुक्त अरब इमिरेट्स (युएई)मा जारी १९ वर्षमुनि (यू–१९)को एशिया कप क्रिकेट प्रतियोगितामा नेपाल बङ्गलादेशसँग पराजित भएको छ।

दुबई अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा आइतवार भएको खेलमा नेपाल बङ्गलादेशसँग पाँच विकेटले पराजित भएको हो। योसँगै नेपालले प्रतियोगितामा लगातार दोस्रो हार बेहोरेको छ। यस अघि भएको पहिलो खेलमा नेपाल श्रीलङ्कासँग पराजित भएको थियो।

नेपालले जीतका लागि दिएको १४२ रनको लक्ष्य पछ्याएको बङ्गलादेशले २८ दशमलव चार ओभरमा पाँच विकेट गुमाएर पूरा गर्‍यो। बङ्गलादेशका लागि ओपनर जबार अबरारले सर्वाधिक ५९ रनको योगदान दिए। उनले ६५ बलमा पाँच चौका र चार छक्काको सहयोगमा ५९ रन बनाएका थिए। यस्तै, कप्तान मोहम्मद हाकिमले ७२ बलमा दुई चौका र तीन छक्काको सहयोगमा ५२ रन जोडे। मोहम्मद फरिदले १३ रन जोडे।

नेपालका लागि युवराज खत्रीले चार विकेट लिए भने हेमन्त धामीले एक विकेट लिए। त्यस अघि टस हारेर पहिले ब्याटिङ गरेको नेपाल ४५ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै १४१ रनको योगफल बनाएको थियो। यस्तै, ओपनर आकाश त्रिपाठीले ७७ बलमा सर्वाधिक ४३ बनाए। उत्तम थापा र अभिषेक तिवारीले समान २९/२९ रन जोडे। त्यसबाहेक अन्य नेपाली खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्।

बङ्गलादेशका लागि अल फहाद, मोहम्मद इकबाल हसन इमोन र रिजन हुसेनले समान दुई/दुई विकेट लिए। यसैगरी, साद इस्लाम, मोहम्मद रफी उज्जामान र मोहम्मद अजिजुल हाकिमले समान एक/एक विकेट लिए। यस जीतसँगै बङ्गालादेशको भने यो लगातार दोस्रो जीत हो। बङ्गलादेशले पहिलो खेलमा अफगानिस्तानलाई हराएको थियो। नेपालले समूह चरणको तेस्रो तथा अन्तिम खेल यही मङ्सिर १८ गते अफगानिस्तानसँग खेल्नेछ।

## आठ वर्षपछि एमपिएलको तेस्रो संस्करणको तयारी

कुनौली, १६ मङ्सिर/रासस

मधेस प्रदेशमा मधेस प्रिमियर लिग (एमपिएल) तेस्रो संस्करणको क्रिकेट प्रतियोगिता आयोजना हुन लागेको छ। लिगको दोस्रो संस्करण भएको आठ वर्षपछि तेस्रो संस्करण हुने भएको हो।

शनिवार राजविराजमा पत्रकार सम्मेलन गर्दै मधेस प्रिमियर लिग प्रालिका अध्यक्ष इन्जिनीयर सञ्जीवनारायण यादवले तेस्रो संस्करणको तयारी चैत ५ गतेदेखि गर्ने बताए। सन् २०१५ मा शुरू भएको एमपिएलको निरन्तर दुई संस्करण आर्थिक समस्याका कारण हुन नपाएको उनले बताए। "दुई संस्करणमा आयोजकलाई अत्यधिक घाटा खेप्नुपर्‍यो, पछि कोरोना महामारीलगायत कारणले निरन्तरता दिन सकिएन"–उनले भने।

तेस्रो संस्करणका लागि आजदेखि एक महीनासम्म खेलाडीको नाम रजिस्ट्रेशन शुरू गरिएको प्रालिका सचिव इन्जिनीयर तीर्थ दासले बताए। तेस्रो संस्करणमा अक्सनबाट खेलाडी छनोट गरिने र प्रत्येक टीममा झापाबाट कञ्चनपुरसम्मका तराई क्षेत्रबाट सात खेलाडी तथा नेपालका अर्को ठाउँबाट चार खेलाडी रहने आयोजकले जनाएको छ। प्रतियोगितामा १० वटा टोली सहभागी गराइनेछ।

प्रतियोगिताका खेल राजविराज, जनकपुरधाम र वीरगंजमा सञ्चालन गर्ने प्रयास भइरहेको आयोजकको भनाइ छ। वीरगंज र जनपुरधाममा खेलिने अवस्था नमिले सबै खेल राजविराजमा खेलिने आयोजकले जनाएको छ। प्रतियोगिताका लागि मधेस प्रदेश सरकारसँग समन्वय गरेर मधेस प्रिमियर लिगको नाममा राखिएको रु ५० लाख बजेटका लागि पहल गरिने अध्यक्ष यादवले जानकारी दिए।